# गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन

## अर्धवार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०८०/८१)




नेपाल राष्ट्र बैंक
पोखरा कार्यालय
२०८१ जेठ

# प्राक्कथन

नेपाल राष्ट्र बैंकले विगत लामो समयदेखि आर्थिक, वित्तीय र मौद्रिक क्षेत्रको तथ्याङ्क समावेश हुने आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तर्जुमा गरी नियमित रुपमा प्रकाशन गर्दै आएको छ । आर्थिक वर्ष २०७६/७७ देखि पोखरा कार्यालयले समेत गण्डकी प्रदेशका आर्थिक गतिविधिहरू समेटी यस्तो प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयले तर्जुमा गरेको गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा प्रदेशका प्रमुख आर्थिक गतिविधि समावेश गरिएको छ । नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन २०७९) मा आधारित भई गण्डकी प्रदेशका ११ जिल्लाहरू (कास्की, तनहुँ, लमजुङ, गोरखा, म्याग्दी, बाग्लुङ, स्याङ्जा, पर्वत, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), मनाङ र मुस्ताङ) मा सम्पन्न सर्वेक्षणका आधारमा प्रतिवेदन तर्जुमा गरिएको छ । प्रतिवेदनमा मूलतः कृषि, उद्योग र सेवा क्षेत्रको स्थिति तथा ती क्षेत्रहरूमा देखिएका विद्यमान समस्या/चुनौती र परिदृश्यका बारेमा समेत संक्षिप्त विश्लेषण गरिएको छ । यसका अतिरिक्त गण्डकी प्रदेशका राष्ट्रिय गौरव तथा रुपान्तरणकारी आयोजनाहरूको पछिल्लो प्रगति विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ ।

आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशको आर्थिक वृद्धिमा सुधार देखिने अनुमान गरिएको छ । गत आर्थिक वर्षमा यस प्रदेशको आर्थिक वृद्धिदर ३.६९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा ४.२३ प्रतिशतले मात्र वृद्धि हुने प्रक्षेपण रहेको छ । समिक्षा अवधिमा कृषि क्षेत्रको उत्पादनमा ३.३१ प्रतिशतको झिनो वृद्धि देखिएको छ भने उद्योगको क्षमता उपयोग ३३.२६ प्रतिशत रहेको छ । गत बर्षको समिक्षा अवधिमा कृषि उत्पादन ०.९ प्रतिशतले वृद्धि भएको थियो भने उद्योगको क्षमता उपयोग ३८.९८ प्रतिशत रहेको थियो । गण्डकी प्रदेशको सेवा क्षेत्रमा महत्वपूर्ण योगदान रहेको पर्यटन क्षेत्रमा अवधिमा उल्लेख्य विस्तार भएको छ र बाह्य पयर्टनमा सुधार आएकाले सेवा क्षेत्रमा तदनुरुपको सकारात्मक प्रभाव देखिन थालेको छ ।

प्रस्तुत अध्ययन प्रतिवेदन गण्डकी प्रदेश सरकार लगायत सरोकारवालाहरूलाई उपयोगी हुने विश्वास लिएको छु । प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण र तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउने सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था र उद्योगी/व्यवसायीहरू प्रति आभार व्यक्त गर्दछु । प्रतिवेदन तर्जुमा गर्ने कार्यमा योगदान गर्नु हुने नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयका उप-निर्देशक श्री नबिना ढकाल र श्री रञ्जना शर्मा, सहायक निर्देशक श्री दल बहादुर थापा, श्री ओमप्रकाश पोखेल, श्री विजया गौतम र श्री विक्रम बुढाथोकी, प्रधान सहायक श्री ध्रुवप्रसाद पोखरेल र श्री याम बहादुर रानाभाट तथा सहायक श्री सूर्यप्रसाद पौडेल र श्री नविन भण्डारीलाई धन्यवाद ज्ञापन गर्दछु ।

**बिना ढकाल पौडेल**
**निर्देशक**

# विषय सूची


| शीर्षक | | | पेज नं. |
|---|---|---|---|
| **आवरण पृष्ठ** | | | |
| **प्राक्कथन** | | | (क) |
| **विषय सूची** | | | (ख-ग) |
| **तालिका सूची** | | | (घ-ङ) |
| **चार्ट सूची** | | | (च) |
| **सारांश** | | | (छ-ज) |
| **परिच्छेद-१** | **अध्ययन परिचय** | | **१-२** |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन | १ |
| | १.३ | अध्ययनको सीमा | २ |
| | १.४ | अध्ययन प्रतिवेदनको ढाँचा | २ |
| **परिच्छेद-२** | **प्रदेशको तुलनात्मक स्थिति** | | **३-६** |
| | २.१ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| | २.२ | अन्तरप्रदेश तुलना | ३ |
| | २.३ | प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ४ |
| **परिच्छेद-३** | **कृषि क्षेत्र** | | **७-१७** |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| | ३.२ | कृषि उत्पादन | ९ |
| | ३.३ | पशुपंछी तथा माछा उत्पादन | ११ |
| | ३.४ | वनजन्य उत्पादन | १२ |
| | ३.५ | सिंचाई | १३ |
| | ३.६ | जिल्लागत कृषि कर्जा | १५ |
| | ३.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १६ |
| **परिच्छेद-४** | **उद्योग क्षेत्र** | | **१८-२०** |
| | ४.१ | उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | १८ |
| | ४.२ | जिल्लागत औद्योगिक कर्जा | १९ |
| | ४.३ | औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | २० |
| **परिच्छेद-५** | **सेवा क्षेत्र** | | **२१-२९** |
| | ५.१ | पर्यटन | २१ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २३ |
| | ५.३ | वित्तीय सेवा | २३ |

| | | | |
|---|---|---|---|
| | ५.४ | यातायात तथा संचार | २६ |
| | ५.५ | सेवा क्षेत्र कर्जा | २६ |
| | ५.६ | सहुलियतपूर्ण कर्जा | २७ |
| | ५.७ | सहकारी | २८ |
| | ५.८ | सेवा क्षेत्रका चुनौती र सम्भावना | २८ |
| **परिच्छेद-६** | **पूर्वाधार र रोजगारी** | | **३०-३४** |
| | ६.१ | पूर्वाधार क्षेत्र | ३० |
| | ६.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ३२ |
| | ६.३ | रोजगारी | ३२ |
| | ६.४ | रोजगारीका चुनौती र सम्भावना | ३३ |
| **परिच्छेद-७** | **संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना** | | **३५-३७** |
| | ७.१ | गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम | ३५ |
| | ७.२ | स्थानीय तहको बजेट तथा कार्यक्रम | ३६ |
| | ७.३ | व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम | ३६ |
| **परिच्छेद-८** | **आर्थिक परिदृश्य** | | **३८-३९** |
| | ८.१ | कृषि उत्पादन | ३८ |
| | ८.२ | औद्योगिक उत्पादन | ३८ |
| | ८.३ | सेवा क्षेत्र | ३९ |
| | ८.४ | पूर्वाधार क्षेत्र | ३९ |

## तालिका सूची


| शीर्षक | पेज नं. |
|---|---|
| तालिका २.१: प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) | ३ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| तालिका ३.२: कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत) | ९ |
| तालिका ३.३: कृषि बालीको उत्पादन | ९ |
| तालिका ३.४: कृषि बालीको उत्पादन (जिल्लागत) | ११ |
| तालिका ३.५: प्रमुख पशुपंछी तथा माछा उत्पादन | १२ |
| तालिका ३.६: प्रमुख पशुपंछीजन्य उत्पादन (जिल्लागत) | १२ |
| तालिका ३.७: वनजन्य उत्पादन | १३ |
| तालिका ३.८: काठको उत्पादन (जिल्लागत) | १३ |
| तालिका ३.९: खेतीयोग्य तथा सिँचित भूभागको क्षेत्रफल | १४ |
| तालिका ३.१०: खेतीयोग्य तथा सिँचित भूभागको क्षेत्रफल (जिल्लागत) | १५ |
| तालिका ३.११: जिल्लागत कृषि कर्जा | १५ |
| तालिका ४.१: औद्योगिक उत्पादन | १९ |
| तालिका ४.२: जिल्लागत औद्योगिक कर्जा | १९ |
| तालिका ५.१: पर्यटकको आगमन | २१ |
| तालिका ५.२: हवाई सेवा | २२ |
| तालिका ५.३: सार्वजनिक निर्माण तथा रियलस्टेट | २३ |
| तालिका ५.४: बैंक तथा वित्तीय संस्थाको जिल्लागत उपस्थिति | २३ |
| तालिका ५.५: गण्डकी प्रदेशको निक्षेप तथा कर्जाको विवरण | २४ |
| तालिका ५.६: जिल्लागत निक्षेप तथा कर्जा | २४ |
| तालिका ५.७: वित्तीय उपकरण प्रयोगकर्ताको विवरण | २५ |
| तालिका ५.८: परिवर्त्य विदेशी मुद्रा खरिद विवरण | २५ |
| तालिका ५.९: विदेशी मुद्रा सटही इजाजतपत्रप्राप्त संस्थाहरू | २६ |
| तालिका ५.१०: गण्डकी प्रदेशमा यातायात सेवा | २६ |
| तालिका ५.११: जिल्लागत सेवाक्षेत्र कर्जा | २७ |
| तालिका ५.१२: सहुलियतपूर्ण कर्जा | २७ |
| तालिका ५.१३: सहकारी सेवा | २८ |

तालिका ६.१: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारको विवरण ३३
तालिका ७.१: गण्डकी प्रदेश सरकारको खर्चको स्थिति ३५
तालिका ७.२: गण्डकी प्रदेश सरकारको स्रोत परिचालनको स्थिति ३६
तालिका ७.३: व्यवसाय जीवनरक्षा कर्जाको स्थिति ३७

# चार्ट सूची

**शीर्षक**


| | |
|---|---|
| चार्ट २.१: प्रादेशिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | ४ |
| चार्ट ३.१: प्रमुख कृषि उपजले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा) | ८ |
| चार्ट ३.२: प्रमुख कृषि बालीहरूको उत्पादन (हजार मे.टनमा) | १० |
| चार्ट ३.३: सिँचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा) | १४ |
| चार्ट ४.१: प्रमुख औद्योगिक वस्तुहरूको क्षमता उपयोग | १८ |
| चार्ट ५.१: गण्डकी प्रदेशको निक्षेप र कर्जाको विवरण (रु. अर्वमा) | २४ |
| चार्ट ७.१: गण्डकी प्रदेश सरकारको बजेट विनियोजनको स्थिति | ३५ |

# सारांश

## समष्टिगत स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको पछिल्लो विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर आधारभूत मुल्यमा ३.५४ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०७९/८० मा नेपालको आर्थिक वृद्धिदर आधारभूत मुल्यमा २.३१ प्रतिशत रहेको थियो ।

२. आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशको आर्थिक वृद्धि ४.२३ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०८०/८१ को गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २६.४ प्रतिशत, १६.८ प्रतिशत र ५६.८ प्रतिशत हुने राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुमान रहेको छ ।

## कृषि क्षेत्र

३. आर्थिक वर्ष २०८०/८१ को प्रथम अर्धवार्षिक अवधिमा गण्डकी प्रदेशमा प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको सोही अवधिको तुलनामा करिव ७.०२ प्रतिशतले ह्रास आएको छ । आलु, उखु र दलहनले ढाकेको क्षेत्रफलमा वृद्धि भएतापनि मकै, कोदो, फापर, जौं र तेलहनले ढाकेको क्षेत्रफलमा ह्रास आएकाले समग्रतामा प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ ।

४. तरकारीले ढाकेको क्षेत्रफल ११.९ प्रतिशत र फलफूलले ढाकेको क्षेत्रफल २.३ प्रतिशतले वृद्धि भएको छ । मसलाबालीले ढाकेको क्षेत्रफल २.४ प्रतिशतले ह्रास आएको छ ।

५. समीक्षा अवधिमा कृषि बालीको उत्पादन ३.३१ प्रतिशतले वृद्धि भएको छ जसमध्ये खाद्य तथा अन्य बालीको उत्पादन २.४३ प्रतिशत र तरकारीको उत्पादन १४.९८ प्रतिशतले वृद्धि भएको छ । फलफूल र मसलाको उत्पादन क्रमशः ३.७८ प्रतिशत र ७.९१ प्रतिशतले ह्रास आएको छ ।

६. पशुजन्य उत्पादनतर्फ अण्डाको उत्पादन २९.५७ प्रतिशतले वृद्धि भएको छ भने मासु, दुध र माछाको उत्पादन क्रमशः ४.३३ प्रतिशत, ३.३९ प्रतिशत र ०.६९ प्रतिशतले वृद्धि भएको छ । वनजन्य उत्पादनतर्फ काठको उत्पादनमा ७२.२४ प्रतिशतको वृद्धि भएको छ ।

७. २०८० पुस मसान्तमा गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रमा रु.२८ अर्ब ३३ करोड कर्जा लगानी भएको छ । सो रकम यस प्रदेशमा प्रवाहित कुल कर्जाको ९.०७ प्रतिशत रहेको छ ।

## उद्योग क्षेत्र

८. समीक्षा अवधिमा अध्ययनमा समेटिएका उद्योगहरुको औसत उत्पादन क्षमता उपयोग ३३.२६ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा ती उद्योगहरुको क्षमता उपयोग ३८.९८ प्रतिशत रहेको थियो ।

९. समीक्षा अवधिमा प्रशोधित दुध, औषधीजन्य उत्पादन (ट्यावलेट र क्याप्सुल) र सिमेण्टको उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको देखिएको छ भने तोरीको तेल, चकलेट, विस्कुट, वियर, चुरोट, लगायतका वस्तुहरुको उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा घटेको छ ।

१०. २०८० पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जाको ९.३८ प्रतिशत अर्थात् रु.२९ अर्ब २८ करोड कर्जा रकम औद्योगिक क्षेत्रतर्फ प्रवाह गरेका छन् ।

## सेवा क्षेत्र

११. समीक्षा अवधिमा पर्यटक आगमनमा ३६.४ प्रतिशतले वृद्धि भएको छ भने हवाई यात्रुको आगमन १०.७ प्रतिशतले वृद्धि भएको छ ।

१२. वित्तीय क्षेत्रतर्फ, २०८० पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन २०७९ पुस मसान्तको तुलनामा २३.९८ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ९८ अर्ब ७७ करोड पुगेको छ । सोही अवधिमा कुल कर्जा प्रवाह भने १३.१२ प्रतिशतले ह्रास आई रु.३ खर्ब १२ अर्ब २५ करोड रहेको छ ।

## पूर्वाधार र रोजगारी

१३. पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य सम्पन्न भई २०७९ माघ ९ गतेदेखि उडान संचालनमा आएको छ । त्यसैगरी, कालीगण्डकी करिडोर अन्तर्गतको मालढुङ्गा-राम्दी-गैडाकोट खण्ड निर्माण कार्य करिब ६५ प्रतिशत र बेनी-जोमसोम खण्डको निर्माण कार्य करिब ७६ प्रतिशत सम्पन्न भएको छ । तनहुँ जलविद्युत आयोजनाको भौतिक प्रगति ५१.४४ प्रतिशत रहेको छ ।

१४. चालु आर्थिक वर्ष (२०८०/८१) मा गण्डकी प्रदेशमा पर्यटक आगमन तथा कृषि उपजको उत्पादनमा वृद्धि भई समग्र आर्थिक क्रियाकलाप गत आर्थिक वर्षको तुलनामा थप विस्तार हुने प्रक्षेपण रहेको छ ।

# परिच्छेद १

# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मूल्य स्थिति, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जा विस्तार तथा विदेशी विनिमय जस्ता विषयमा तथ्याङ्कको सङ्कलन, प्रशोधन, अध्ययन तथा विश्लेषण गरी नियमित रुपमा प्रतिवेदन प्रकाशित गर्दै आएको छ । यसै क्रममा कृषि, उद्योग, सेवा तथा पुर्वाधार लगायतका क्षेत्रमा भएका आर्थिक गतिविधिहरूलाई समेटी "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संशोधन २०७९)" मा आधारित रही प्रादेशिक रुपमा अर्ध-वार्षिक तथा वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ ।

देशमा संघीयता कार्यान्वयनमा आएपश्चात् आर्थिक वर्ष २०७६/७७ देखि नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ । गण्डकी प्रदेशका कास्की, स्याङ्जा, तनहुँ, लमजुङ, गोरखा, बाग्लुङ, म्याग्दी, मनाङ, मुस्ताङ, पर्वत र नवलपरासी (पूर्व) गरी ११ जिल्लाहरूको कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी तथा प्रदेश सरकारको वित्त स्थितिसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, प्रशोधन, अध्ययन र विश्लेषण गरी प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

यस "गण्डकी प्रदेशको आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन" २०८० साउनदेखि २०८० पुस मसान्तसम्मको आर्थिक तथ्याङ्कहरूका आधारमा तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन

आर्थिक वर्ष २०८०/८१ अर्धवार्षिक अवधिमा गण्डकी प्रदेशका ११ वटै जिल्लाहरू समावेश गरी समग्र आर्थिक स्थिति सहित कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्र सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी परिदृष्य प्रतिवेदनमा समावेश गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा गण्डकी प्रदेशको अवस्थिति र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ ।

नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) अनुसार यस प्रदेशका सबै जिल्लाहरूमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरूमा गरिएको स्थलगत सर्वेक्षणको आधारमा प्रतिवेदन तयार गरिएको छ ।

यस प्रतिवेदनमा उल्लेख गरिएका तथ्याङ्क तथा सूचनाहरू प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । अधिकांश तथ्याङ्क तथा सूचनाहरू प्रदेशमा रहेका ११ जिल्लाहरूका सम्बन्धित कार्यालयको स्थलगत भ्रमण, टेलिफोन अर्न्तवार्ता तथा इमेल मार्फत् सङ्कलन गरिएको छ । कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयबाट सङ्कलन गरिएको छ । त्यस्तै, मुख्य खाद्य बाली सम्बन्धी तथ्याङ्क नेपाल राष्ट्र बैंक अनुसन्धान विभाग मार्फत् लिइएको छ । उल्लेखित निकायहरूबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरूको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमुना छनौटमा परेका १४ वटा उद्योगहरूको स्थलगत सर्वेक्षणबाट सङ्कलन गरिएको छ । बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा,

सहुलियतपूर्ण कर्जा लगायतका तथ्याङ्क आर्थिक अनुसन्धान विभाग मार्फत् प्राप्त गरिएको छ । साथै, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो बापतको राजश्व रकम नेपाल राष्ट्र बैंक अनुसन्धान विभाग मार्फत् सङ्कलन गरिएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमुना छनौटमा परेका १० होटलहरूबाट स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । घरजग्गा नक्शापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरूबाट, पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, सडक डिभिजन कार्यालय र नगरपालिकाहरूबाट समेत लिइएको छ । यातायाततर्फ, सवारी संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न कास्की जिल्लाका १० वटा बचत तथा ऋण सहकारी संस्थाहरूको नमुना छनौट गरी विवरण सङ्कलन गरिएको छ ।

पूर्वाधार क्षेत्र अन्तर्गत यस प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजना सम्बन्धी विवरण सम्बन्धित सरकारी कार्यालयहरूबाट लिइएको छ ।

## १.३ अध्ययनको सीमा

यस अध्ययनका सीमाहरू देहाय वमोजिम रहेका छन ।

- नेपालको संविधान, २०७२ बमोजिम संघीयता कार्यान्वयनमा आए पश्चात तथ्याङ्क प्रदायक निकायहरूको पुनरसंरचना भएकाले तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन । फलस्वरुपः कृषि उत्पादन र पूर्वाधार लगायतका कतिपय विवरणहरूमा समयगत र निकायगत रुपमा एकरुपता कायम हुन सकेको छैन ।
- सरकारी कार्यालयमा विवरण अद्यावधिक बनाई फाईलिङ हुन नसक्दा Institutional Memory कमजोर भएकोले सरुवा भई आउने नयाँ कर्मचारीबाट गतवर्षको तथ्याङ्क यकीन हुन नसक्नु तथा कतिपय उद्योगहरूले तथ्याङ्क उपलब्ध गराउने कार्यलाई अनावश्यक बोझका रुपमा लिने गरेको सन्दर्भमा तोकिएको समयभित्र शुद्ध तथ्याङ्क प्राप्त गर्न केही कठिनाई देखिएको छ ।
- यस प्रदेशमा रहेका उद्योग, होटल र सहकारीमध्ये नमूना छनौट गरी १४ उद्योग, १० होटल र १० सहकारीहरूको तथ्याङ्क सङ्कलन गरी समावेश गरिएको छ ।
- यस प्रदेशस्थित ५ वटा ठूला स्थानीय तहहरूको मात्र बजेट एवम् कार्यक्रम समावेश गरिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

प्रतिवेदन नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागद्वारा प्रकाशित आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) बमोजिम तयार पारिएको छ । यस प्रतिवेदनमा ८ परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययन परिचय प्रस्तुत गर्दै प्रतिवेदन तर्जुमाको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा गण्डकी प्रदेशको अन्य प्रदेशसँग तुलनात्मक स्थिति र राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत योगदान प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजनाका बारेमा उल्लेख गरिएको छ भने परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २

# प्रदेशको तुलनात्मक स्थिति

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेशको आर्थिक वृद्धिको विश्लेषण तथा कुल गार्हस्थ उत्पादनको अन्तर प्रदेश तुलना गरिएको छ । साथै, कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत हिस्सा, प्रदेशको जनसाङ्ख्यिक विवरण र प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती पनि यस परिच्छेदमा समावेश गरिएको छ ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धि आधारभूत मूल्यमा ३.५४ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्ष यस्तो वृद्धि २.३१ प्रतिशत रहेको थियो । देशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.५७ खर्ब ४ अर्ब ८५ करोड पुग्ने अनुमान गरेको छ । देशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रका योगदान क्रमशः २४.६ प्रतिशत, १२.५ प्रतिशत र ६२.९ प्रतिशत रहने अनुमान छ । प्रतिव्यक्ति आम्दानी १४३४ अमेरिकी डलर रहने अनुमान गरिएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) रु.५ खर्ब १६ अर्ब ७० करोड रहने अनुमान छ । चालु आर्थिक वर्षमा प्रदेशको आर्थिक वृद्धिदर ४.२३ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्ष यस्तो वृद्धि दर ३.६९ प्रतिशत रहेको थियो ।

## २.२ अन्तर प्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरूको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०७९/८० मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.८२ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.१२ प्रतिशत) रहेको छ । चालु आर्थिक वर्षमा नेपालको कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान ८.९६ प्रतिशत रहने अनुमान छ ।


**तालिका २.१ : प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) (आ.व २०८०/८१)**

| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | राष्ट्रिय |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ९०३.०५ | ७४८.३७ | २०७४.४२ | ५१६.७० | ८१४.०४ | २४३.९९ | ४०४.२८ | ५७०४.८५ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.८ | १३.१ | ३६.४ | ९.१ | १४.३ | ४.३ | ७.१ | १०० |
| आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) (प्रतिशत) | ३.२१ | ३.४५ | ३.६३ | ४.२३ | ३.६९ | ३.०८ | ३.०६ | ३.५४ |
| प्रतिव्यक्ति आय (अमेरिकी डलर) | १३३६ | ८९२ | २४८४ | १५५७ | ११५९ | १०६६ | ११११ | १४३४ |
| कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको हिस्सा( प्रतिशत) | ३३.२ | ३५.३ | १२ | २६.४ | ३०.२ | २९.७ | ३३.२ | २४.६ |
| कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको हिस्सा (प्रतिशत) | १५.९ | १०.७ | १०.६ | १६.८ | १३.६ | ९.५ | १२.५ | १२.५ |
| कुल गार्हस्थ्य उत्पादनमा तृतीय क्षेत्रको हिस्सा (प्रतिशत) | ५०.९ | ५३.९ | ७७.४ | ५६.८ | ५६.३ | ६०.८ | ५४.३ | ६२.९ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) सबैभन्दा बढी (४.२३ प्रतिशत) र सुदूरपश्चिम प्रदेशमा सबैभन्दा कम (३.०६ प्रतिशत) हुने अनुमान रहेको छ। आर्थिक वृद्धिदरको आधारमा यस प्रदेश प्रथम स्थानमा रहने देखिएतापनि देशको कुल गार्हस्थ्य उत्पादनमा योगदानको आधारमा पाँचौं स्थानमा रहेको छ।

**चार्ट २.१ : प्रादेशिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा)**




*स्रोत : राष्ट्रिय तथ्यांक कार्यालय।*

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा देशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.५७ खर्ब ४ अर्ब ८५ करोड पुग्ने अनुमान गरेको छ। कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रका योगदान क्रमशः २४.६ प्रतिशत, १२.५ प्रतिशत र ६२.९ प्रतिशत रहने अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत हिस्सा विश्लेषण गर्दा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गएको देखिन्छ भने सेवा क्षेत्रको योगदान बढ्दै गएको देखिन्छ। उद्योग क्षेत्रको योगदान भने विगत १० वर्षमा स्थिर प्रायः रहेको देखिन्छ।

गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २६.४ प्रतिशत, १६.८ प्रतिशत र ५६.८ प्रतिशत रहने अनुमान रहेको छ। यस प्रदेशमा कृषि र उद्योग क्षेत्रको योगदान राष्ट्रिय औसतभन्दा केही बढी र सेवा क्षेत्रको योगदान केही कम हुने देखिएको छ।

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### २.३.१ प्रादेशिक क्षमता र सम्भावना

- यस प्रदेशको मुख्य सम्भावना रहेको क्षेत्र पर्यटन हो। विश्वका १४ उच्च हिमशिखर मध्ये ३ वटा ( धवलागिरी (८१६७ मि.), मनास्लु (८१६३ मि.) र अन्नपूर्ण प्रथम (८०९१ मि.) गण्डकी प्रदेशमा अवस्थित रहेको, विश्वको सर्वोच्च उचाइमा रहेको तिलिचो ताल (४९१९ मि.) तथा यहाँ रहेका अन्नपूर्ण, धौलागिरी र मनास्लु सर्किट ट्रेकले मनोरञ्जन, पर्वतारोहण तथा साहसिक क्षेत्रमा रमाउने विश्वका पर्यटकलाई आकर्षित गरी विदेशी मुद्रा आर्जनको स्रोतको रुपमा विकास गर्न सकिने देखिएको छ। साथै, मुक्तिनाथ, मौलाकालिका, गलेश्वरधाम, ताल बाराही, गोरखा मनकामना, बाग्लुङ कालिका लगायतको धार्मिक पर्यटकीय स्थलहरूको थप प्रचार प्रसारले पर्यटन विकासमा थप टेवा पुग्ने देखिएको छ।

- मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोर लगायत अन्य सहायक मार्गहरूको विस्तारले ग्रामीण क्षेत्रमा कृषिजन्य तथा औद्योगिक उत्पादनको लागि आन्तरिक तथा बाह्य बजारको विस्तार गर्न सकिने देखिएको छ । कालीगण्डकी कोरिडोर सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम हुने भएकोले भारतीय र चिनियाँ पर्यटकहरूको आगमनमा वृद्धि हुने संम्भावना रहेको तथा आर्थिक गतिविधि विस्तारमा उल्लेख्य प्रगति हासिल हुने सम्भावना रहेको छ ।

- गण्डकी प्रदेशमा प्राविधिक र आर्थिक रुपले १२,९३० मेगावाट जलविद्युत उत्पादन क्षमता रहेको र हालसम्म ८०६ मेगावाट मात्र जलविद्युत उत्पादन भएकाले थप जलविद्युत उत्पादन गर्न सक्ने प्रचुर सम्भावना रहेको छ र उत्पादन पश्चात भारत र चीनमा निर्यात गर्न सक्ने सम्भावना रहेको छ । साथै, उच्च हिमाली तथा पहाडी जिल्लाहरूमा सौर्य र वायु उर्जा उत्पादनको पनि उत्तिकै सम्भावना रहेको छ । उर्जालाई प्रदेश समृद्धिको संवाहक बनाउन ठूला जलाशययुक्त जलविद्युत, सौर्य र वायु उर्जा आयोजना विकास गरी विद्युत उत्पादन उल्लेख्य मात्रामा बढाउन सकिने सम्भावना रहेको छ ।

- यस प्रदेशको कुल क्षेत्रफलको ३७.८ प्रतिशत वन क्षेत्र रहेको हुँदा वन पैदावारमा आधारित उद्योगहरूको सम्भावना रहेको देखिन्छ ।

- कृषि तर्फ, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका सुपरजोन, जोन, ब्लक तथा पकेट क्षेत्र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन मार्फत् मासु तथा दुग्धजन्य पदार्थ, सुन्तला, तरकारी, स्याउ, कफी जस्ता उच्च मूल्य पर्ने कृषि उत्पादनमा आत्मनिर्भर भई निकासी गर्न सक्ने सम्भावना रहेको छ ।

- पर्यटनमा अग्रणी स्थानमा रहेको यस प्रदेशमा कृषि र सेवा क्षेत्रको आबद्धता (Agro-Service Linkage) बढाई पर्यटन क्षेत्रलाई आवश्यक पर्ने कृषि उत्पादन आपूर्ति, कृषि ऋणमा सरलीकरण, कृषि बीमा र नयाँ प्रविधिहरूको उपयोगमा प्रोत्साहन र कृषि पर्यटनको विकासमा जोड दिन सकिएमा यस प्रदेशमा आय-आर्जन र रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुग्ने देखिएको छ ।

- गण्डकी प्रदेशमा खाद्यान्न, तरकारी तथा फलफूल, पशुपंछी, माछापालन लगायतको कृषि व्यवसायको प्रचुर सम्भावना छ । पछिल्लो समयमा व्यवसायिक रुपमा सुन्तला, कफी, स्याउ तथा मौरीपालनमा कृषकहरूको आकर्षण बढ्दै गइरहेको छ । उच्च हिमाली क्षेत्रमा पशुपालन, मध्यपहाडी क्षेत्रमा फलफूल खेती र नवलपरासी (पूर्व) को तराई र मध्यभागका टारहरूमा तरकारी तथा अन्नबाली र औद्योगिक गतिविधि विस्तार हुँदै गएको छ । यसको विस्तारमा थप विकास गर्न सकिएमा यस प्रदेशको आर्थिक विकासमा थप योगदान पुग्ने सम्भावना रहेको छ ।

- यस प्रदेशमा विदेशबाट फर्किएका युवाहरूको सीप, ज्ञान, पूँजी तथा उन्नत प्रविधि सहित कृषि क्षेत्रमा आकर्षण बढ्दै गएकोले कृषि क्षेत्रमा थप उत्पादकत्व र उत्पादन बढ्ने सम्भावना रहेको देखिन्छ ।

## २.३.२ प्रादेशिक चुनौती

- गण्डकी प्रदेशका केही उच्च हिमाली जिल्ला तथा मध्य पहाडी जिल्लाहरूबाट बसाइ/सराई हुने क्रममा तिव्रता आएकाले ती क्षेत्रहरूमा जनसंख्या संकुचन हुँदै गएको छ । यसरी जनसंख्या कम हुँदै गएको सन्दर्भमा उर्वरभूमी बाँझो रहने समस्या समाधान गर्दै प्रचुर सम्भावना रहेको कृषि, औषधी, पशु र वनजन्य उत्पादनमा अग्र-पृष्ठ (Backward-Forward Linkage) सम्बन्ध स्थापित गरी आय आर्जन र रोजगारीको अवसर सिर्जना गर्नु ।

- कृषि क्षेत्रमा थप लगानी बढाई कृषिको आधुनिकीकरण, व्यवसायिकीकरण, यान्त्रिकीकरण तथा विविधीकरण मार्फत् एकातर्फ आन्तरिक उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापन र अर्कोतर्फ

कृषकको जीवनस्तर सुधार गर्ने कार्य चुनौतीपूर्ण छ । विगत लामो समयदेखि चर्चामा रहेको भूमी बैंक र जग्गा भाडामा लिने/दिने अवधारणा कार्यान्वयनमा ल्याउनु ।

- कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायिकीकरण र यान्त्रिकीकरण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न विभिन्न प्रकारका अनुदानको व्यवस्था रहेतापनि वास्तविक किसानवर्गसम्म कृषि अनुदान पुगेको देखिदैन । तसर्थ, विद्यमान कृषि अनुदान व्यवस्थाको पुनरावलोकन गर्दै उत्पादन तथा प्रतिफलमा आधारित कृषि अनुदान प्रणालीको सुरुवात गर्नु । साथै, बजारीकरणको समस्या, विचौलियाको हावी, कृषि क्षेत्रमा परम्परागत खेती प्रणालीकै निरन्तरता, निर्वाहमुखी कृषि प्रणाली, समयानुकुल गुणस्तरीय विउ, मल र उपकरणको अभाव, कृषि बिमा व्यवस्थालाई प्रभावकारी गराउनु, युवा जनशक्ति विदेश पलायन भई कृषि क्षेत्रमा श्रम अभाव हुनु लगायतका समस्याहरु समाधान गर्नु ।

- पर्यटन पूर्वाधार र जलविद्युत लगायतका आयोजनाहरू समयमै सम्पन्न गर्न पर्याप्त स्रोत/साधन एवम् जनशक्तिको अभाव मुख्य चुनौतीका रुपमा रहेको छन् । यसका अतिरिक्त जलविद्युत आयोजनाहरूमा जग्गा अधिग्रहण तथा मुआब्जा वितरण, परियोजना निर्माणका लागि वनका रुख कटान लगायतका पुराना समस्या अझै विद्यमान रहेकाले निर्धारित समयमा निर्माण कार्य सम्पन्न गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ । अर्कोतर्फ औद्योगिक क्षेत्रको विकास तथा विस्तारका लागि आवश्यक पूर्वाधार विकास एवम् लगानीमैत्री वातावरणको निर्माण गरी लगानी अभिवृद्धि गर्नु ।

# परिच्छेद ३

# कृषि क्षेत्र

गण्डकी प्रदेशमा आर्थिक रुपले सक्रिय जनसंख्याको ठूलो हिस्सा कृषिमा आश्रित रहेको छ भने कुल घरपरिवारमध्ये ८६ प्रतिशतको[1] आम्दानीको मुख्य स्रोत कृषि रहेको छ । गण्डकी प्रदेशमा कृषि पेशा सर्वाधिक महत्वको रुपमा रहेको सन्दर्भमा यस परिच्छेदमा गण्डकी प्रदेशमा कृषि उपजले ढाकेको जिल्लागत र कृषि उपजगत भू-क्षेत्रको विवरण उल्लेख गर्दै जिल्लागत कृषि उत्पादनको स्थिति, सिँचाई अवस्था, कृषि क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरूको संक्षिप्त विश्लेषण गरिएको छ ।

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

### ३.१.१ प्रदेशगत विवरण

पछिल्ला वर्षहरूमा गण्डकी प्रदेशमा कृषि भुभागको क्षेत्रफल निरन्तर घट्दै गएको छ । उच्च हिमाली र पहाडी भेगबाट शहरी क्षेत्रमा बसाई-सराईको निरन्तरता र वैदेशिक रोजगारीको प्रभावले कृषि कार्यमा प्राथमिकता कम हुँदै गएकाले खेतियोग्य जग्गा-जमिन बाँझो रहने कारण कृषि भूमिको क्षेत्रफल घट्दै गएको देखिएको छ । आर्थिक वर्ष २०८०/८१ पुस मसान्तमा गण्डकी प्रदेशमा प्रमुख कृषि बालीहरूले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको तुलनामा करिव ७.०२ प्रतिशतले ह्रास आई ४ लाख ३७ हजार ७०० हेक्टर कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ३.९५ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशको कृषि उपजले ढाकेको कुल क्षेत्रफलको ८९.०७ प्रतिशत प्रमुख खाद्य तथा अन्न बाली, ४.८५ प्रतिशत तरकारी, ४.०८ प्रतिशत फलफूल तथा १.८१ प्रतिशत मसला लगाइएको क्षेत्रफल रहेको छ ।

**तालिका : ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र**

(हेक्टरमा)

| बालीको नाम | गत अवधि | | समीक्षा अवधि | | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | आ.व. २०७९/८० (साउन-पुस) | हिस्सा (प्रतिशत) | आ.व. २०८०/८१ (साउन-पुस) | हिस्सा (प्रतिशत) | |
| खाद्य, नगदे तथा अन्य बाली | ४२५४०३.४० | ९०.३६ | ३८९८७४.०७ | ८९.०७ | -८.३५ |
| तरकारी | १८९७९.८० | ४.०३ | २१२४६.४० | ४.८५ | ११.९४ |
| फलफूल | १७४४९.०० | ३.७१ | १७८५७.२५ | ४.०८ | २.३४ |
| मसला | ८१२१.६० | १.७३ | ७९३०.६० | १.८१ | -२.३५ |
| चिया | ५५.०० | ०.०१ | ६४.०० | ०.०१ | १६.३६ |
| कफी | ७६१.०० | ०.१६ | ७२८.१० | ०.१७ | -४.३२ |
| **जम्मा** | **४७०७६९.८०** | **१००.००** | **४३७७००.४२** | **१००.००** | **-७.०२** |

*स्रोतः अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*


#### क) खाद्य, नगदे तथा अन्य बाली

आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशमा प्रमुख कृषि बालीहरूले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको तुलनामा करिव ८.३५ प्रतिशतले ह्रास आई ३ लाख ८९ हजार ८७४ हेक्टर रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ५.२४ प्रतिशतले बृद्धि भएको थियो । समीक्षा अवधिमा आलु, उखु र दलहनले ढाकेको क्षेत्रफलमा क्रमशः ७.०४ प्रतिशत, ०.३६ प्रतिशत र ५.०३ प्रतिशतले वृद्धि भएको छ भने मकै, गहुँ, कोदो, जौ, फापर र तेलहनले ढाकेको क्षेत्रफलमा क्रमशः १२.४८ प्रतिशत, ३.९७ प्रतिशत, १४.६८ प्रतिशत, २९.३८ प्रतिशत, २१.०५ प्रतिशत र १.६३ प्रतिशतले ह्रास आएको छ । खाद्य,

[1] प्रथम पञ्चवर्षिय योजना, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, २०७७ वैशाख

नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलको ३३ प्रतिशत भु-भागमा मकै र २७ प्रतिशतमा धान खेती रहेको छ ।

**चार्ट ३.१ : कृषि उपजले ढाकेको भू-क्षेत्र (हजार हेक्टरमा)**




*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*

### (ख) तरकारी

समीक्षा अवधिमा तरकारीले ढाकेको क्षेत्रफलमा ११.९४ प्रतिशतले वृद्धि भई २१ हजार २ सय ४६ हेक्टर रहेको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो क्षेत्रफलमा १५.५३ प्रतिशतले ह्रास आएको थियो ।

### (ग) फलफूल

समीक्षा अवधिमा फलफूलले ढाकेको क्षेत्रफल २.३४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो क्षेत्रफलमा २.७ प्रतिशतले ह्रास आएको थियो । फलफूलमध्ये सुन्तला र केरा खेती गरिएको क्षेत्रफलमा सामान्य वृद्धि भएको छ भने आँप र स्याउ खेती गरिएको क्षेत्रफलमा कमी आएको छ । प्रदेशमा १७,८५७ हेक्टर क्षेत्रफलमा फलफूल खेती गरिएको छ ।

### (घ) मसलाजन्य बाली

समीक्षा अवधिमा मसला बालीले ढाकेको क्षेत्रफल २.३५ प्रतिशतले कमी आएर ७ हजार ९ सय ३० हेक्टर क्षेत्रफल रहेको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो क्षेत्रफलमा ९.९८ प्रतिशतले वृद्धि भएको थियो ।

## ३.१.२ जिल्लागत विवरण

कृषि कार्यमा उपयोग भएको भूभागको जिल्लागत विश्लेषण गर्दा गण्डकी प्रदेशको कुल खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा वढी (१४.४४ प्रतिशत) स्याङ्जा जिल्लामा रहेको छ भने सबैभन्दा कम मुस्ताङ (०.१९ प्रतिशत) जिल्लामा रहेको छ । गण्डकी प्रदेशका ११ जिल्लाहरूमध्ये कास्की, गोरखा, नवलपरासी (पूर्व) र स्याङ्जा गरी ४ जिल्लाहरूको प्रमुख खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ५३.५ प्रतिशत रहेको छ । हिमाली जिल्ला मनाङ र मुस्ताङमा यस्तो भूभाग अन्य जिल्लाहरूको तुलनामा नगन्य रहेको छ ।

तरकारी खेती भएको कुल क्षेत्रफल मध्ये सबैभन्दा बढि कास्की जिल्लामा २४.७६ रहेको छ भने सबै भन्दा कम मुस्ताङ जिल्लामा ०.५८ प्रतिशत रहेको छ । फलफूल खेतीमा तनहुँ तथा स्याङ्जा जिल्लाको

बाहुल्यता रहेको देखिन्छ भने मसला खेतीमा लमजुङ, कास्की तथा तनहुँ जिल्लाको बाहुल्यता रहेको देखिन्छ (तालिका ३.२) ।

### तालिका : ३.२ कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत)

| जिल्ला | खाद्य, नगदे तथा अन्य बाली | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) |
| गोरखा | ५३,८९३.९३ | १३.८२ | १,७८०.०० | ८.३८ | २,१७०.०० | १२.१५ | ५०८.०० | ६.४ |
| मनाङ | १,३३०.०६ | ०.३४ | १४८.०० | ०.७० | २९०.०० | १.६२ | १८.०० | ०.२ |
| मुस्ताङ | ७४६.६६ | ०.१९ | १२३.०० | ०.५८ | १,५२२.५० | ८.५३ | २९.०० | ०.४ |
| म्याग्दी | २१,४६८.१३ | ५.५१ | १,१५०.०० | ५.४१ | १,०६२.०० | ५.९५ | ३००.०० | ३.८ |
| कास्की | ४८,८६०.०५ | १२.५३ | ५,२६०.०० | २४.७६ | १,१३७.५० | ६.३७ | १,३८९.६० | १७.५ |
| लमजुङ | ३७,४२१.३० | ९.६० | २,८४३.०० | १३.३८ | १,२८२.२५ | ७.१८ | १,७२६.०० | २१.८ |
| तनहुँ | ४४,७५३.९९ | ११.४८ | ४,२०६.०० | १९.८० | २,९०७.०० | १६.२८ | १,१९२.०० | १५.० |
| नवलपरासी (पूर्व) | ४९,५३६.७४ | १२.७१ | ६९४.३० | ३.२७ | १,२९२.०० | ७.२४ | १,२११.०० | १५.३ |
| स्याङ्जा | ५६,३०५.१९ | १४.४४ | २,९३४.१० | १३.८१ | ३,२७९.०० | १८.३६ | ८३८.०० | १०.६ |
| पर्वत | ३३,६६९.८२ | ८.६४ | ९३८.०० | ४.४१ | १,३९९.०० | ७.८३ | २०६.०० | २.६ |
| बाग्लुङ | ४१,८८८.२० | १०.७४ | १,१७०.०० | ५.५१ | १,५१६.०० | ८.४९ | ५१३.०० | ६.५ |
| **जम्मा** | **३८९,८७४.०७** | **१००.००** | **२१,२४६.४०** | **१००** | **१७,८५७.२५** | **१००** | **७,९३०.६०** | **१००** |

*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*

## ३.२ कृषि उत्पादन

### ३.२.१ प्रदेशगत विवरण

समीक्षा अवधिमा प्रमुख कृषि बालीहरूको उत्पादनमा ३.३२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो उत्पादन ०.९ प्रतिशतले वृद्धि भएको थियो ।

### तालिका : ३.३ कृषि बालीको उत्पादन

(मेट्रिक टन)

| बालीको नाम | गत अवधि | | समीक्षा अवधि | | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | आ.व. २०७९/८० (साउन-पुस) | हिस्सा (प्रतिशत) | आ.व. २०८०/८१ (साउन-पुस) | हिस्सा (प्रतिशत) | |
| खाद्य, नगदे तथा अन्य बाली | १३५१०१९ | ७६.४१ | १३८३७८२.९ | ७५.७३ | २.४३ |
| तरकारी | २३००२३.५ | १३.०१ | २६४४८२.५ | १४.४८ | १४.९८ |
| फलफूल | १२२८३१.३ | ६.९५ | ११८१८५ | ६.४७ | -३.७८ |
| मसला | ६३६३४ | ३.६० | ५८५९७.४ | ३.२१ | -७.९१ |
| चिया | ७९ | ०.०० | ९०.७ | ०.००५ | १४.८१ |
| कफी | ४६८.२ | ०.०३ | १६५९.८ | ०.०९ | २५४.५१ |
| मह | ७१४ | ०.०४ | ४५२.५ | ०.०३ | -३६.६२ |
| **जम्मा** | **१७,६८,०५५** | **१००** | **१८,२७,२५०.८** | **१००** | **३.३१** |

*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*

### (क) खाद्य तथा अन्य बाली


समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादनमा २.४३ प्रतिशतले वृद्धि भएको छ । यस अवधिमा प्रमुख बालीहरू धान, कोदो, फापर र आलुको उत्पादनमा वृद्धि भएको छ । उक्त बालीहरूको उत्पादनमा क्रमशः ०.१ प्रतिशत, ११.४ प्रतिशत, ३५.९ प्रतिशत, र ८.७ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी मकै, गहुँ, जौं, र भटमासको उत्पादन क्रमशः ०.६ प्रतिशत, २.७ प्रतिशत, ३३.६ प्रतिशत, र १६.५ प्रतिशतले घटेको छ ।

गण्डकी प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीको कुल उत्पादन मध्ये मकैको अंश ३२.६५ प्रतिशत, धानको अंश २८.३० प्रतिशत र आलु उत्पादनको अंश १९.५५ प्रतिशत रहेको छ ।

### (ख) तरकारी

आर्थिक वर्ष २०७९/८० को समीक्षा अवधिमा तरकारीको उत्पादन १८.५ प्रतिशतले कमी आएकोमा समीक्षा अवधिमा १४.९८ प्रतिशतले वृद्धि भएको छ ।

**चार्ट ३.२ : प्रमुख कृषि बालीहरूको उत्पादन (हजार मे.टनमा)**




*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*

### (ग) फलफूल

समीक्षा अवधिमा फलफूलको उत्पादनमा ३.७८ प्रतिशतले कमी आएको छ । जसमध्ये केरा र अन्य फलफूलको उत्पादन क्रमश १७.७ प्रतिशत र ६ प्रतिशतले बढेको छ भने आँप, स्याउ र सुन्तलाको उत्पादनमा भने ३६.९ प्रतिशत, ३३.३ प्रतिशत, र ७.१ प्रतिशतले कमी आएको छ ।

### (घ) मसला

आर्थिक वर्ष २०७९/८० पहिलो छ महिनामा मसलाजन्य बालीको उत्पादनमा १३.२ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०८०/८१ को समीक्षा अवधिमा मसलाजन्य बालीको उत्पादनमा ७.९१ प्रतिशतले कमी आएको छ । प्रदेशमा लसुनको उत्पादन २३.६ प्रतिशतले वृद्धि भएको छ । तनहुँमा बाँदर आतङ्कले गर्दा किसानहरू जौं खेती छोडी लसुन खेती तर्फ आकर्षित हुदा लसुनको उत्पादनमा वृद्धि भएको हो ।

### ३.२.२ जिल्लागत विवरण

कृषि उत्पादनको जिल्लागत विश्लेषण गर्दा गण्डकी प्रदेशको प्रमुख खाद्य, नगदे तथा अन्य बालीहरूको कुल उत्पादनको सबैभन्दा वढी (१४.३ प्रतिशत) उत्पादन नवलपरासी (पूर्व) जिल्लामा हुने देखिएको छ भने सबैभन्दा कम मुस्ताङ (०.६ प्रतिशित) जिल्लामा हुने देखिएको छ । कास्की, स्याङ्जा, तनहुँ, गोरखा, नवलपरासी (पूर्व) र बाग्लुङ जिल्लामा प्रदेशको कुल कृषि उत्पादनको ७५.६ प्रतिशत उत्पादन हुने गरेको छ ।

तरकारी खेती भएको कुल क्षेत्रफल मध्ये करिब २८.६ प्रतिशत भुभाग कास्की जिल्लामा रहेको छ भने मनाङ जिल्लामा ०.५ प्रतिशत भुभाग रहेको छ । फलफूल खेतीमा तनहुँ तथा स्याङ्जा जिल्लाको बाहुल्यता रहेको देखिन्छ भने मसला खेतीमा लमजुङ कास्की तथा तनहुँ जिल्लाको बाहुल्यता रहेको देखिन्छ (तालिका ३.४) ।

**तालिका: ३.४ कृषि बालीको उत्पादन (जिल्लागत)**

| जिल्ला | खाद्य, नगदे तथा अन्य बाली | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) |
| गोरखा | १४८,५५३.६ | १०.७ | २२,३२५.० | ८.४ | १८,३२७.० | १५.५ | २,५९७.० | ४.४ |
| मनाङ | १०,९४०.३ | ०.८ | १,४४६.० | ०.५ | १,८८६.० | १.६ | ८३.३ | ०.१ |
| मुस्ताङ | ७,९६०.७ | ०.६ | १,५६७.० | ०.६ | ५,१३५.० | ४.३ | २०९.० | ०.४ |
| म्याग्दी | ९१,४००.८ | ६.६ | १४,०५६.० | ५.३ | ६,७७३.० | ५.७ | १,६२३.० | २.८ |
| कास्की | १८१,३१०.५ | १३.१ | ७५,५४०.० | २८.६ | ७,७३५.० | ६.५ | ११,४८०.१ | १९.६ |
| लमजुङ | १२७,३३८.८ | ९.२ | २७,६८४.० | १०.५ | ५,५७३.० | ४.७ | ६,४९८.० | ११.१ |
| तनहुँ | १४९,११२.५ | १०.८ | ४५,५४२.० | १७.२ | २०,०४५.० | १७.० | १०,७९८.० | १८.४ |
| नवलपरासी (पूर्व) | १९७,३२०.२१ | १४.३ | ८,४०२.० | ३.२ | ८,२९५.० | ७.० | १०,६०५.० | १८.१ |
| स्याङ्जा | २१४,९०१.६ | १५.५ | ३७,५५०.५ | १४.२ | २७,३९०.० | २३.२ | ८,६३०.० | १४.७ |
| पर्वत | ९९,९७३.३ | ७.२ | ११,८७०.० | ४.५ | ६,०३६.० | ५.१ | १,६८७.० | २.९ |
| बाग्लुङ | १५४,९७०.६ | ११.२ | १८,५००.० | ७.० | १०,९९०.० | ९.३ | ४,३८७.० | ७.५ |
| **जम्मा** | **१,३८३,७८२.९** | **१००.०** | **२६४,४८२.५** | **१००.०** | **११८,१८५.०** | **१००.०** | **५८,५९७.४** | **१००.०** |

*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*

## ३.३ पशुपंछी तथा माछा उत्पादन

### ३.३.१ प्रदेशगत विवरण

### (क) प्रमुख पशुपंछी तथा माछा

यस प्रदेशको आर्थिक वर्ष २०८०/८१ को प्रथम अर्धवार्षिक अवधिमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा दुध र मासुको उत्पादन क्रमश: ३.३९ प्रतिशत र ४.३३ प्रतिशतले कमी आएको छ भने अण्डा र माछा उत्पादन क्रमश: २९.५७ प्रतिशत र ०.६९ प्रतिशतले वृद्धि भएको छ । पछिल्लो समय नवलपरासी जिल्लामा ठुला क्षमताका कुखुरा फार्महरु सञ्चालनमा आएको कारणले उल्लेख्य मात्रामा अण्डाको उत्पादन बढेको फलस्वरुप समग्र प्रदेशकै अण्डाको उत्पादनमा उच्च वृद्धि भएको देखिन्छ ।

**तालिका: ३.५ प्रमुख पशुपंछी तथा माछा उत्पादन**

| उत्पादन | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | बृद्धिदर |
|---|---|---|---|
| दुध (हजार लिटर) | १८६,८३०.२८ | १८०,५०२.०८ | -३.३९ |
| मासु (मेट्रिक टन) | ३५,४२२.०२ | ३३,८८६.६६ | -४.३३ |
| अण्डा (हजार गोटा) | ९१,४९०.४५ | ११८,५४२.०९ | २९.५७ |
| माछापालन (मेट्रिक टन) | ११,५९३.२१ | ११,६७२.९४ | ०.६९ |

*स्रोत: भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू, गण्डकी प्रदेश।*

### ३.३.२ जिल्लागत विवरण

आर्थिक वर्ष २०८०/८१ को प्रथम अर्धवार्षिक अवधिको जिल्लागत दुध उत्पादनमा नवलपरासी (पूर्व), जिल्लाको हिस्सा सबैभन्दा बढी २०.२५ प्रतिशत रहेको छ भने मासु उत्पादनमा कास्की जिल्लाको हिस्सा १९.३२ प्रतिशत रहेको छ। त्यस्तै अण्डा उत्पादनमा स्याङ्जा जिल्लाको हिस्सा ३४.३७ प्रतिशत रहेको छ भने माछा उत्पादनमा कास्की जिल्लाको हिस्सा सबैभन्दा बढी ८२.९० प्रतिशत रहेको छ।। भौगोलिक विकटता र अवस्थितिका कारण मनाङ र मुस्ताङ जिल्लामा पशुपंछीको उत्पादन नगन्य रहेको छ।

**तालिका : ३.६ प्रमुख पशुपंछीजन्य उत्पादन (जिल्लागत)**

| जिल्ला | दुध | | मासु | | अण्डा | | माछापालन | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (हजार लिटर) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (हजार गोटा) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) |
| गोरखा | ११२०७.०० | ६.२१ | ६२२४.०० | १८.३७ | २३९४.७० | २.०२ | २७.५० | ०.२४ |
| मनाङ | २५८.०० | ०.१४ | २२.२० | ०.०७ | ११.२० | ०.०१ | १.०० | ०.०१ |
| मुस्ताङ | १०४०.०० | ०.५८ | १९६.०० | ०.५८ | १४०.६० | ०.१२ | ५.०० | ०.०४ |
| म्याग्दी | २५८७.३८ | १.४३ | ११२९.३४ | ३.३३ | २८५७.२५ | २.४१ | १३.०० | ०.११ |
| कास्की | ३३२८४.३० | १८.४४ | ६५४६.९० | १९.३२ | १६३९२.८० | १३.८३ | ९६७७.२० | ८२.९० |
| लमजुङ | ८६९०.०० | ४.८१ | १८२०.०० | ५.३७ | ४०२४.०० | ३.३९ | २५.२० | ०.२२ |
| तनहुँ | ४२६४६.१० | २३.६३ | ८६७९.८७ | २५.६१ | ८६६५.३४ | ७.३१ | ८९५.२७ | ७.६७ |
| नवलपरासी (पूर्व) | ३६५४३.०० | २०.२५ | ३९२१.९० | ११.५७ | ३५८३८.९८ | ३०.२३ | ९८१.०० | ८.४० |
| स्याङ्जा | २६६१७.०० | १४.७५ | २५४४.९२ | ७.५१ | ४०७४७.१२ | ३४.३७ | ३२.०० | ०.२७ |
| पर्वत | ६०८३.३० | ३.३७ | १०७९.८९ | ३.१९ | ३७८६.१० | ३.१९ | ६.५७ | ०.०६ |
| बाग्लुङ | ११५४६ | ६.४० | १७२१.६४ | ५.०८ | ३६८४.०० | ३.११ | ९.२० | ०.०८ |
| **जम्मा** | १,८०,५०२.०८ | १००.० | ३३,८८६.६६ | १००.० | ११८,५४२.०९ | १००.० | ११,६७२.९४ | १००.० |

*स्रोत : भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू, गण्डकी प्रदेश।*

## ३.४ वनजन्य उत्पादन

### ३.४.१ प्रदेशगत विवरण

आर्थिक वर्ष २०८०/८१ को प्रथम अर्धवार्षिक अवधिमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा यस प्रदेशको वनजन्य उत्पादनमा काठको उत्पादन ७२.२४ प्रतिशतले वृद्धि भएको छ भने दाउराको उत्पादन, औषधिजन्य वस्तुको उत्पादन र अन्य उत्पादन क्रमश १९ प्रतिशत, १९.१२ प्रतिशत र ११.८६ प्रतिशतले कमी आएको छ।

**तालिका : ३.७ वनजन्य उत्पादन**

| विवरण | एकाइ | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| काठ | क्युबिक फिट | २८१,३७३.५४ | ४८४,६४२.४७ | ७२.२४ |
| दाउरा | चट्टा | ७४३.४० | ६०२.१२ | -१९.०० |
| औषधिजन्य वस्तु | मे.टन | ४४.३७ | ३५.८९ | -१९.१२ |
| अन्य उत्पादन | मे.टन | ८.५० | ७.४९ | -११.८६ |

स्रोत: *जिल्ला वन कार्यालयहरू, गण्डकी प्रदेश ।*

समीक्षा अवधिमा वन कार्यालयहरूले निजी आवादी जग्गामा रहेको वनको काठ कटानका लागि स्वीकृति दिएको, ग्रामीण क्षेत्रहरूमा समेत सडक पूर्वाधारको सञ्जाल विस्तार भएको र निजी वनबाट काठ कटानका लागि अघिल्ला वर्षको भन्दा बढी स्वीकृति प्रदान गरेकाले काठको उत्पादनमा वृद्धि भएको देखिन्छ ।

### ३.४.२ जिल्लागत स्थिति

समीक्षा अवधिमा काठको उत्पादनमा लमजुङ जिल्लाको हिस्सा सबैभन्दा बढी २६.४ प्रतिशत र सबैभन्दा कम मनाङ जिल्लाको हिस्सा ०.१ प्रतिशत रहेको देखिन्छ ।

**तालिका : ३.८ काठको उत्पादन (जिल्लागत)**

(क्युबिक फिट)

| जिल्ला | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | जिल्लागत हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| गोरखा | ११४५९.४२ | १२५४६३.०० | २५.९ |
| मनाङ | २६००.०० | ५००.०० | ०.१ |
| मुस्ताङ | ४८०२१.५५ | १२४२५.०० | २.६ |
| म्याग्दी | २९७०३.८१ | २०२२४.०७ | ४.२ |
| कास्की | २१२३७.२३ | ८४५१.५३ | १.७ |
| लमजुङ | ८२१५०.५७ | १२७९५९.६५ | २६.४ |
| तनहुँ | २३४७७.०७ | ६३९१२.३४ | १३.२ |
| नवलपरासी (पूर्व) | २५१८७.६३ | ८२०४.८८ | १.७ |
| स्याङ्जा | २०३८०.१७ | २७३०३.०० | ५.६ |
| पर्वत | १०७८९.२२ | ३६६८०.५२ | ७.६ |
| बाग्लुङ | ६३६६.८७ | ५३५१८.४८ | ११.० |
| **जम्मा** | **२८१,३७३.५** | **४८४,६४२.५** | **१००.०** |

स्रोत: *जिल्ला वन कार्यालयहरू, गण्डकी प्रदेश ।*

## ३.५ सिँचाई

### ३.५.१ प्रदेशगत विवरण

आर्थिक वर्ष २०८०/८१ को पुसमसान्तसम्म यस प्रदेशमा ३ लाख ६४ हजार ८ सय ८५ हेक्टर क्षेत्रफलमा खेती गरिएको छ जुन अघिल्लो बर्षको सोही अवधिको हाराहारी मै रहेको छ । यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३३.२४ प्रतिशत भू-भागमा (१ लाख ४९ हजार ७ सय ५८ हेक्टर क्षेत्रफल) सिंचाई सुविधा पुगेको छ ।

**तालिका : ३.९ खेतीयोग्य तथा सिँचित भू-भागको क्षेत्रफल**


(हेक्टरमा)

| | २०७८/७९ (साउन-पुस) | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| कुल सिँचित क्षेत्रफल | १४६,९०० | १४९,४०२ | १४९,७५८ | ०.२४ |
| कुल खेतीयोग्य क्षेत्रफल | ४५३,४८५ | ४५३,४८९ | ४५०,७८९ | -०.६ |
| खेती गरिएको क्षेत्रफल | ३६४,६४० | ३६४,८७६ | ३६४,८८५ | ०.००२ |

*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरु, गण्डकी प्रदेश ।*

समीक्षा अवधिमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल ०.२४ प्रतिशतले वृद्धि भएको छ । कुल सिँचित क्षेत्रफलमध्ये ४०.७८ प्रतिशत कुलो र ५८.५६ प्रतिशत नहरबाट सिँचित भएको छ भने पोखरी, बोरिङ्ग तथा थोपा सिँचाई प्रणालीबाट बाँकी ०.६६ प्रतिशत सिँचाइ भएको देखिन्छ । साथै, समिक्षा अवधिमा कुल खेतीयोग्य क्षेत्रफलमा ६.५५ प्रतिशतले कमी आएको देखिन्छ ।

**चार्ट ३.३ : सिँचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा)**




*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरु, गण्डकी प्रदेश ।*

## ३.५.२ जिल्लागत विवरण

आर्थिक वर्ष २०८०/८१ को प्रथम अर्धवार्षिक अवधिसम्म जिल्लागत अध्ययन गर्दा कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा कुल सिँचित क्षेत्रफल सबैभन्दा बढी मुस्ताङ जिल्लामा (९४.६ प्रतिशत) रहेको देखिन्छ भने सबै भन्दा कम तनहुँ जिल्लामा (१०.४ प्रतिशत) रहेको देखिन्छ । विशेष गरी कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा कुल सिँचित क्षेत्रफललाई हेर्दा गण्डकी प्रदेशको अन्य जिल्लाहरुको तुलनामा मुस्ताङ, नवलपरासी (पूर्व), गोरखा, कास्की र पर्वत जिल्लामा सिंचाई सुविधा राम्रो रहेको देखिन्छ ।

### तालिका : ३.१० खेतीयोग्य तथा सिँचित क्षेत्रफल भू-भागको क्षेत्रफल (जिल्लागत)

(हेक्टरमा)

| जिल्ला | कुल सिँचित क्षेत्रफल | कुल खेतीयोग्य क्षेत्रफल | खेती गरिएको क्षेत्रफल | कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा सिञ्चित क्षेत्रफल |
|---|---|---|---|---|
| गोरखा | २५,२२०.० | ५५,६९६.० | ५४,०५०.० | ४५.३ |
| मनाङ | ४०६.० | २,१५३.० | १,९३०.० | १८.९ |
| मुस्ताङ | ५,१७३.० | ५,४७०.० | ४,१२०.० | ९४.६ |
| म्याग्दी | ६,०८३.० | ३०,४५६.० | १९,४९८.० | २०.० |
| कास्की | १२,९८०.० | २८,३६१.० | २६,९३२.० | ४५.८ |
| लमजुङ | १५,६३२.० | ५८,३७५.० | ४५,७४७.० | २६.८ |
| तनहुँ | ६,७३४.० | ६५,०६१.० | ५१,५१०.० | १०.४ |
| नवलपरासी (पूर्व) | ४१,२४५.० | ६०,१७५.० | ५५,३०४.० | ६८.५ |
| स्याङ्जा | १९,२६४.० | ७२,७३१.० | ५०,५६४.० | २६.५ |
| पर्वत | १०,१६७.० | २५,८९३.० | २४,७२५.० | ३९.३ |
| बाग्लुङ | ६,८५४.० | ४६,१४८.० | ३०,५०५.० | १४.९ |
| **जम्मा** | **१४९,७५८.०** | **४५०,५१९.०** | **३६४,८८५.०** | **३३.२** |

*स्रोत: जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरु, गण्डकी प्रदेश ।*

## ३.६ जिल्लागत कृषि कर्जा

आर्थिक वर्ष २०८०/८१ को प्रथम अर्धवार्षिक अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कृषि कर्जा २०७९ पुस मसान्तको तुलनामा ७.६ प्रतिशतले कमी भई रु.२८ अर्ब ३३ करोड रहेको छ । अघिल्लो वर्ष सोही अवधिमा कृषि कर्जा ३.८ प्रतिशतले वृद्धि भएको थियो ।

### तालिका ३.११ : जिल्लागत कृषि कर्जा

| जिल्ला | २०७९ पुस मसान्त | | २०८० पुस मसान्त | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | कृषि कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) | कृषि कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) | |
| कास्की | १२,६६२.५० | ४१.३ | ११,४३०.३७ | ४०.३ | -९.७३ |
| स्याङ्जा | २,००९.०० | ६.६ | २,४२४.४९ | ८.६ | २०.६८ |
| तनहुँ | ३,६४४.९० | ११.९ | ३,५२५.६१ | १२.४ | -३.२७ |
| गोरखा | १,३९०.७० | ४.५ | १,३३१.६६ | ४.७ | -४.२५ |
| लमजुङ | १,७७४.४० | ५.८ | १,७०५.९४ | ६.० | -३.८६ |
| मनाङ | ११५.९० | ०.४ | १०६.११ | ०.४ | -८.४५ |
| मुस्ताङ | ३७७.०० | १.२ | २०२.०३ | ०.७ | -४६.४१ |
| पर्वत | १,०५४.६० | ३.४ | ९१५.४६ | ३.२ | -१३.१९ |
| बाग्लुङ | १,२११.२० | ४.० | १,२००.८६ | ४.२ | -०.८५ |
| म्याग्दी | ८१३.३० | २.७ | ६६५.२६ | २.३ | -१८.२० |
| नवलपरासी (पूर्व) | ५,६०८.१० | १८.३ | ४,८२३.७७ | १७.० | -१३.९९ |
| **जम्मा** | **३०,६६१.६०** | **१००.००** | **२८,३३१.५६** | **१००.०** | **-७.६०** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

यस प्रदेशमा प्रवाहित कुल कर्जामा कृषि कर्जाको अंश ९.०७ प्रतिशत रहेको छ । प्रदेशको कुल कृषि कर्जाको सबै भन्दा बढि हिस्सा कास्की जिल्लामा ४०.३ प्रतिशत र सबै भन्दा कम हिस्सा मनाङ जिल्लामा ०.४ प्रतिशत प्रवाह भएको देखिन्छ (तालिका ३.११) । साथै, समीक्षा अवधिमा यस प्रदेशको स्याङ्जा जिल्लामा कृषि कर्जा बढेको देखिन्छ भने अन्य जिल्लाहरुमा कृषि कर्जामा ह्रास आएको देखिन्छ ।

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौतीहरू

- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि मल, उन्नत विउ, प्रविधि, सिंचाइ, विद्युत, प्राविधिक सेवा दिगो र सर्वसुलभ रुपमा उपलब्ध गराउनु, खेतीयोग्य जग्गाको खण्डीकरण रोक्नु, जग्गा बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्नु, बाँदर तथा वन्यजन्तुबाट हुने हानी नोक्सानी न्यूनीकरण गर्नु ।
- सुलभ ब्याजदरमा कृषि ऋणको उपलब्धता, उत्पादन तथा प्रतिफलमा आधारित अनुदान तथा उत्पादित कृषि उपजको बजारीकरण गर्नु । साथै, कृषि पेशा तथा पशुपालन व्यवसायलाई सम्मानित पेशाको रुपमा विकास गर्नु तथा यस क्षेत्रमा युवाको आकर्षण बढाउनु ।
- कृषि तथा पशुपालन क्षेत्रमा देखिएका महामारीजन्य रोग, जुनोटिक रोगहरु तथा जलवायुजन्य जोखिम न्यूनीकरण गर्नु ।
- कृषि-बीमा कार्यमा मूल्याङ्कन तथा क्षतिपूर्ति यकिन गर्ने प्रक्रिया लामो तथा झन्झटिलो हुने गरेकाले कृषि जोखिम न्यूनिकरण गर्नु ।
- कृषि तथा पशुसंग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्ने निकायको रुपमा रहेका कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लगायतलाई आवश्यक श्रोत र साधनको व्यवस्था गरी एकद्वार प्रणाली मार्फत् तथ्याङ्क सङ्कलन गर्नु ।

### ३.७.२ सम्भावनाहरू

- जग्गा/जमिन भाडामा लिई कृषि र उद्योग व्यवसाय गर्न प्रोत्साहन गर्न भूमी बैंकको अवधारणा शीघ्र कार्यान्वयन भएमा यस क्षेत्रको स्याङ्जा, गोरखा, पर्वत लगायतका जिल्लामा रहेका बाँझो जमिन उपयोगमा आई समग्र प्रदेशको कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ ।
- प्रदेश तथा स्थानीय सरकारले कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणका लागि आवश्यक सहजीकरण गर्न सके उत्पादित बस्तुले उचित मूल्य तथा राम्रो बजार पाउने सम्भावना रहेको देखिन्छ ।
- कृषि ऋण तथा अनुदानको प्रभावकारी कार्यान्वयन, उन्नत मल, बीउ तथा उपकरणको उपलब्धता, उचित प्राविधिक सेवाको उपलब्धता, कृषि तथा पशुपालन सम्बन्धी सीप र तालिमको व्यवस्था, रोगहरुको रोकथाम तथा नियन्त्रण, बाँदर तथा वन्यजन्तुबाट हुने क्षतिको प्रभावकारी न्यूनीकरण इत्यादि गर्न सकेको खण्डमा कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि हुने सम्भावना रहेको छ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत गण्डकी प्रदेशको स्याङ्जा, पर्वत, गोरखा लगायतका जिल्लामा सञ्चालनमा रहेका कृषि पकेट, ब्लक, जोन र सुपर जोन कार्यक्रमहरूबाट अपेक्षित प्रतिफल प्राप्त हुने व्यवस्था गरी कृषकलाई यसतर्फ आकर्षित गर्न सकिने सम्भावना रहेको छ ।

- गण्डकी प्रदेशमा विभिन्न कृषि उत्पादनको सम्भावना भएका चेपेटार, हाँडीटार, राइनसटार तथा अन्य टारहरूमा लिफ्ट सिंचाई मार्फत् सिंचाइको पहुँच पुऱ्याउन सकिएमा कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ ।
- मनाङ र मुस्ताङ जिल्लामा व्यावसायिक स्याउ खेती तथा अन्य पहाडी जिल्लाहरू कास्की, स्याङ्जा, गोरखा, बाग्लुङ र पर्वतमा व्यवसायिक सुन्तला खेतीको उच्च सम्भावना रहेको । साथै, यस प्रदेशको उच्च हिमाली क्षेत्रहरूमा पाइने यार्सागुम्बा लगायत जडीबुटीहरुको बजारीकरण गर्न समुदाय, सहकारी र स्थानीय तहको समन्वयात्मक कार्यक्रम ल्याउन सकिएमा जडीबुटीको राम्रो सम्भावना रहेको छ ।
- उच्च पहाडी क्षेत्रहरूमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ । यस्ता क्षेत्रमा पशुपालन व्यवसाय प्रवर्द्धन भएमा ऊन, दुध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने देखिन्छ । अन्य पहाडी जिल्लाहरूमा व्यावसायिक बाख्रापालन, गाई/भैंसीपालनको सम्भावना रहेको छ ।
- होटल व्यवसायीहरूलाई स्थानीय कृषि उत्पादन खपत गर्न थप प्रोत्साहन गर्न सकिए कृषि र पर्यटन सेवाबीचको अन्तर आबद्धता बढी दुवै क्षेत्रको विस्तारमा सहयोग पुग्ने सम्भावना रहेको देखिन्छ ।

# परिच्छेद ४

# उद्योग क्षेत्र

आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा १७.३६ प्रतिशत रहने अनुमान रहेको छ । गत वर्ष यस्तो हिस्सा १७.७ प्रतिशत रहेको थियो । यस प्रदेशको उद्योग क्षेत्रमा साना र मझौला उद्योगहरूको संख्या उल्लेख्य रहेको छ ।

२०७९ फागुनसम्म गण्डकी प्रदेशमा दर्ता भएका उद्योगको सङ्ख्या ७१ हजार ८ सय ९७ पुगेको छ भने दर्ता भएका वाणिज्य फर्मको सङ्ख्या ६८ हजार ३ सय ६४ पुगेको छ । आर्थिक वर्ष २०७९/८० को फागुनसम्म गण्डकी प्रदेशमा ८३० उद्योग दर्ता भएका छन् । यी उद्योगमा रू.५ खर्ब ९७ अर्ब २५ करोड लगानी स्वीकृत भई उद्योगको सञ्चालनबाट ४० हजार ९३ रोजगारी सिर्जना हुने अनुमान रहेको छ ।[२]


प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेशको औद्योगिक क्षेत्रको स्थितिको संक्षिप्त रुपमा विश्लेषण गरिएको छ र औद्योगिक कर्जाको स्थिति एवं उद्योग क्षेत्रमा देखिएको समस्या, चुनौती र सम्भावना समेतलाई यस परिच्छेदमा समेटिएको छ ।

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

### ४.१.१ प्रदेशगत विवरण

क) आर्थिक वर्ष २०८०/८१ को प्रथम अर्धवार्षिक अवधिमा यस प्रदेश अन्तर्गतका नमुना छनोटमा समेटिएका १४ उद्योगहरूको औसत क्षमता उपयोग गत वर्षको सोही अवधिको तुलनामा ५.७२ प्रतिशत बिन्दुले ह्रास भई ३३.२६ प्रतिशत पुगेको छ । यस प्रदेशमा धेरै उत्पादन क्षमता उपयोग भएको औद्योगिक वस्तुहरुमा बिस्कुटको हिस्सा५९.२३ प्रतिशत रहेको छ भने चुरोटको ४९.३९ प्रतिशत, लिक्विड औषधीको ४८.२७ प्रतिशत, तोरीको तेलको ४७.९२ प्रतिशत, चकलेटको ४७.०९ प्रतिशत र क्याप्सुलको ४४.१५ प्रतिशत रहेको छ ।

**चार्ट ४.१: प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग (प्रतिशतमा)**




*स्रोत : अध्ययन क्षेत्रका उद्योगहरू ।*

(ख) आर्थिक वर्ष २०८०/८१ को प्रथम अर्धवार्षिक अवधिमा अघिल्लो आर्थिक बर्षको सोही अवधिको तुलनामा क्याप्सुलको उत्पादन १४.६८ प्रतिशत, सिमेन्टको उत्पादन ९.७५ प्रतिशत, ट्याब्लेटको उत्पादन ९.५५ प्रतिशत र दुधको उत्पादन ४.५ प्रतिशतले बढेको देखिन्छ भने ईंटाको उत्पादन ४१.७२ प्रतिशत,

[२] आर्थिक सर्वेक्षण-२०७९/८०, गण्डकी प्रदेश

चकलेटको उत्पादन ३४.४८ प्रतिशत, चाउचाउको उत्पादन ३२.६० ड्राई सिरपको उत्पादन ३०.७७ प्रतिशत र वियरको उत्पादन २७.१७ प्रतिशतले ह्रास आएको देखिन्छ ।

**तालिका ४.१ औद्योगिक उत्पादन**

| उत्पादित वस्तुको नाम | एकाई | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | प्रतिशत परिवर्तन | क्षमता उपयोग |
|---|---|---|---|---|---|
| तोरीको तेल | मे.टन | १४९०.०० | १३८०.०० | -७.३८ | ४७.९२ |
| प्रशोधित दूध | हजार लिटर | ४२२१.४० | ४४११.२५ | ४.५० | २४.४१ |
| विस्कुट | मे.टन | ३९००.०० | ३७५५.३५ | -३.७१ | ५९.२३ |
| चकलेट | मे.टन | ३४५७.०० | २२६५.०० | -३४.४८ | ४७.०९ |
| चउचाउ | मे.टन | २९३७.७८ | १९८०.१९ | -३२.६० | २०.९५ |
| वियर | हजार लिटर | १५२२५१.५० | ११०८९१.७७ | -२७.१७ | २६.४५ |
| चुरोट | दस लाख खिल्ली | १९१२.३३ | १७७७.९० | -७.०३ | ४९.३९ |
| ट्याब्लेट | हजार थान | ७६४००.०० | ८३६९५.०० | ९.५५ | ३२.८९ |
| क्यापसुल | हजार थान | १११११५.०० | १२७४७.०० | १४.६८ | ४४.१५ |
| ओइन्टमेन्ट | हजार ट्युब | ४२२.०० | ४१९.०० | -०.७१ | ११.२९ |
| ड्राइ सिरप | हजार बोतल | २०८.०० | १४४.०० | -३०.७७ | ५.९५ |
| लिक्विड | हजार बोतल | १२१४.३३ | ११०१.०० | -९.३३ | ४८.२७ |
| ईंटा | दस लाख गोटा | ३.०२ | १.७६ | -४१.७२ | १७.०० |
| सिमेण्ट | मे.टन | ४३९६८०.४५ | ४८२५३७.५० | ९.७५ | ३०.६० |

*स्रोत: अध्ययन क्षेत्रका उद्योगहरू ।*

## ४.२ जिल्लागत औद्योगिक कर्जा

२०७९ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट यस प्रदेशको उद्योग क्षेत्रमा प्रवाह भएको औद्योगिक कर्जा रु.२९ अर्ब २८ करोड रहेको छ ।

**तालिका ४.२: जिल्लागत औद्योगिक कर्जा**

| जिल्ला | २०७९ पुस मसान्त | | २०८० पुस मसान्त | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | औद्योगिक कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) | औद्योगिक कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) | |
| कास्की | २२,५३०.२८ | ५६.४ | १८,९२२.६० | ६४.६ | -१६.०१ |
| स्याङ्जा | ३,१३५.३२ | ७.९ | १,००३.६० | ३.४ | -६७.९९ |
| तनहुँ | ४,२४३.८८ | १०.६ | २,७२५.०७ | ९.३ | -३५.७९ |
| गोरखा | ८५०.६० | २.१ | ७७७.३५ | २.७ | -८.६१ |
| लमजुङ | ८७८.०० | २.२ | ६४१.२५ | २.२ | -२६.९६ |
| मनाङ | ३१.८० | ०.१ | ६८.८५ | ०.२ | ११६.५१ |
| मुस्ताङ | १२३.०० | ०.३ | ४९.३० | ०.२ | -५९.९२ |
| पर्वत | ७९७.४० | २.० | ५१७.३७ | १.८ | -३५.१२ |
| बाग्लुङ | २,३९९.१० | ६.० | १,१०८.९४ | ३.८ | -५३.७८ |
| म्याग्दी | १,०६६.१० | २.७ | ५४४.३८ | १.९ | -४८.९४ |
| नवलपरासी (पूर्व) | ३,८८२.०० | ९.७ | २,९३०.१४ | १०.० | -२४.५२ |
| **जम्मा** | **३९,९३७.४८** | **१००.००** | **२९,२८८.८५** | **१०३.४** | **-२६.६६** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट औद्योगिक क्षेत्रमा प्रवाहित कर्जा २०७९ पुस मसान्तको तुलनामा २६.६६ प्रतिशतले ह्रास आएको छ । अघिल्लो वर्ष यस्तो कर्जा २१.६ प्रतिशतले कमी आएको थियो । यस प्रदेशमा प्रवाहित कुल कर्जामा औद्योगिक कर्जाको अंश ९.३८ प्रतिशत रहेको छ । प्रदेशको कुल औद्योगिक कर्जाको सबै भन्दा बढि हिस्सा कास्की जिल्लामा ६४.६ प्रतिशत र सबै भन्दा कम हिस्सा मनाङ तथा मुस्ताङ जिल्लामा समान ०.२/०.२ प्रतिशत प्रवाह भएको देखिन्छ । समीक्षा अवधिमा कृषि, वन तथा पेय पदार्थ सम्बन्धित उद्योग र निर्माण क्षेत्रमा भएको कर्जा प्रवाहले औद्योगिक क्षेत्रमा प्रवाहित कर्जा गत वर्षको सोही अवधिको तुलनामा मनाङ जिल्लामा उल्लेख्य वृद्धि भएको देखिन्छ भने अन्य जिल्लाहरुमा यस्तो कर्जा प्रवाहमा ह्रास आएको देखिन्छ ।

## ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### ४.३.१ चुनौतीहरू

- अधिकांश उद्योगहरूको उत्पादन क्षमता न्यून (औसत उत्पादन क्षमता उपयोग ३३.२६%) देखिएकाले त्यस्ता उद्योगहरूलाई पूर्ण क्षमतामा संचालन गर्न आवश्यक विद्युत, कच्चा पदार्थको उपलब्धता, स्वदेशी उत्पादनका लागि उचित बजार लगायत अन्य भौतिक पूर्वाधार उपलब्ध गराउनु ।

- उद्योगहरूको लागि आवश्यक सीपमुलक तथा दक्ष जनशक्तिको अभाव, जनशक्तिको विदेश पलायन एवम् जग्गाको मुल्य उच्च हुनु ।

- उद्योग स्थापना तथा नवीकरण गर्नका लागि प्रक्रियागत जटिलताहरू रहनु ।

- औद्योगिक क्षेत्रको विकासका लागि पुँजीको अभाव तथा अत्यावश्यक कच्चा पदार्थको आपूर्ति सहज गर्नु । साथै, पछिल्लो समयमा देशमा देखिएको आर्थिक सुस्तताले व्यवसायीहरुमा व्यावसायिक विश्वासमा कमी हुनु ।

### ४.३.२ सम्भावनाहरू

- गण्डकी प्रदेशमा एकातर्फ उर्वर भूमी रहेको र अर्कोतर्फ पर्यटन विकासको पनि उत्तिकै सम्भावना रहेको सन्दर्भमा कृषि उत्पादन अभिवृद्धि गर्दै कृषि प्रशोधन उद्योगहरू सञ्चालन मार्फत् पर्यटन र कृषि व्यवसायमा अग्र-पृष्ठ सम्बन्ध स्थापना गरी उत्पादन, आय र रोजगारी वृद्धि गर्न सकिने ।

- गण्डकी प्रदेशमा बिस्कुट, चाउचाउ जस्ता खाद्यवस्तुहरूको उद्योगको संख्या र उत्पादन बढी रहेको सन्दर्भमा त्यस्ता वस्तुहरूको आयातमा कडाई गरी उत्पादनलाई थप प्रोत्साहन गर्न सकिएमा उक्त वस्तुहरूमा आत्मनिर्भर हुन सकिने ।

- आधारभूत औद्योगिक उत्पादनमा आत्मनिर्भर बन्दै कृषि क्षेत्र तथा स्थानीय श्रोत, साधन तथा सीपमा आधारित औद्योगिक उत्पादनमा जोड दिई औद्योगिक उपजको निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्न सकिने ।

- स्वदेशी उत्पादनको प्रयोगलाई प्राथमिकतामा राख्ने तथा सरकारी एवम् गैह्र सरकारी निकायमा हुने आवश्यक सामग्रीको प्रयोगमा स्वदेश मै उत्पादित सामग्रीलाई बढावा दिन सके स्वदेशी उत्पादन थप अभिवृद्धि हुने ।

- प्रदेशभित्र विभिन्न जिल्लामा युरेनियम, चुनढुङ्गा तथा फलाम लगायतका खनिजजन्य वस्तुको सम्भावना रहेको हुँदा सो सम्बन्धी उद्योगहरूको सम्भावना देखिएको ।

- यस प्रदेशमा बैंक तथा वित्तिय संस्थाहरूको उपस्थिति राम्रो रहेको कारणले उद्योगहरूमा लगानी सहजता एवं वित्तिय विस्तार हुने ।

# परिच्छेद ५

# सेवा क्षेत्र

गण्डकी प्रदेशको आर्थिक विकासमा सेवा क्षेत्रको महत्वपूर्ण योगदान गरेको छ । यस प्रदेशको आर्थिक वर्ष २०७९/८० को कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ५६ प्रतिशत रहेको छ । सेवा क्षेत्र अन्तर्गत पर्यटन क्षेत्रको भूमिका अझ महत्वपूर्ण रहेको छ । पर्यटन क्षेत्रले अप्रत्यक्ष रुपमा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा १० प्रतिशत र रोजगारीमा १५ प्रतिशत योगदान पुऱ्याएको अनुमान छ ।[३]

यस परिच्छेदमा गण्डकी प्रदेशमा पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट, वित्तीय सेवा, यातायात, शिक्षा, स्वास्थ्य लगायत समग्र सेवा क्षेत्रको स्थितिको विश्लेषण गर्नुको साथै ती क्षेत्रहरूमा देखिएका समस्या, चुनौती र सम्भावनाहरू समेटिएका छन ।

## ५.१ पर्यटन

पर्यटन सम्बन्धी तथ्याङ्क सङ्कलनका लागि गण्डकी प्रदेशका विभिन्न जिल्लाबाट नमुनाका रुपमा १० वटा होटलहरू छनौट गरिएको छ । जसमध्ये कास्की जिल्लाबाट ५ (कुटी रिसोर्ट एण्ड स्पा प्रा.लि., टेम्पल ट्रि रिसोर्ट एण्ड स्पा प्रा.लि., होटल पोखरा ग्राण्ड, रुपाकोट रिसोर्ट प्रा.लि. र अतिथि रिसोर्ट एण्ड स्पा प्रा.लि.) र अन्य जिल्लाबाट ५ (बन्दीपुर माउन्टेन रिसोर्ट, होटेल टेकुचे, होटेल याक एण्ड रेष्टुरेण्ट र होटेल ग्राण्ड शाम्बाला र द नारायणी रिसोर्ट) गरी १० होटलहरू छानिएका छन् ।

उक्त होटलहरूबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ को प्रथम अर्धवार्षिक अवधिमा होटलहरूको शैया संख्या १.४ प्रतिशतले वृद्धि भई ७३० पुगेको छ । समीक्षा अवधिमा होटलहरूमा रोजगारी ४.१० प्रतिशतले कमी भएको देखिन्छ भने पर्यटक आगमन सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा ३६.४ प्रतिशतले वृद्धि भई ४३,१८८ पुगेको छ । कतिपय होटलहरुमा शैया संख्या घटेको अवस्थामा रोजगारी संख्या उल्लेख्य मात्रामा कटौती गरेको कारणले प्रत्यक्ष रोजगारीको संख्यामा कमी आएको पाइएको छ । विशेषगरी गत वर्षको सोही अवधिको तुलनामा चीन, भारत र तेस्रो मुलुकबाट आउने पर्यटकको संख्यामा क्रमश: ३०६८.९ प्रतिशत, १८.६ प्रतिशत र १६.४ प्रतिशतले वृद्धि भएको देखिन्छ । समीक्षा अवधिमा कोरोना सङ्क्रमण दर घट्दै गएकाले पर्यटक आगमन सङ्ख्यामा उल्लेख्य बढोत्तरी आएको हो ।

**तालिका ५.१: पर्यटक आगमन**

| विवरण | आ.व २०७९/८० (साउन-पुस) | आ.व २०८०/८१ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| पर्यटक आगमन संख्या | ३१,६७१ | ४३,१८८ | ३६.४ |
| होटलको शैया संख्या | ७२० | ७३० | १.४ |
| प्रत्यक्ष रोजगारी संख्या | ५१३ | ४९२ | -४.१० |

*स्रोत: अध्ययनमा समावेश गरिएका होटल तथा रिसोर्टहरू ।*

[३] आर्थिक सर्वेक्षण-२०७९/८०, गण्डकी प्रदेश

**बक्स १: बन्दीपुर केवलकार एण्ड टुरिजम लिमिटेड**



गण्डकी प्रदेशको तनहुँ जिल्लामा अवस्थित बन्दीपुर कला, संस्कृति, धार्मिक, पर्यटकीय र ऐतिहासिक विरासतले भरिपूर्ण तथा पहाडकी रानी उपनामले प्रसिद्ध रहेको ठाउँ मानिन्छ । उक्त क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण गरी पर्यटकीय प्रर्वद्धन गर्ने, स्थानीय नागरिकहरुको जीवनस्तरमा सुधार गर्ने तथा राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको योगदानमा वृद्धि गर्ने अभिप्रायले बन्दीपुर केबलकार तथा टुरिजम लिमिटेड कम्पनी ऐन, २०६३ को प्रावधान अन्तर्गत रही २०६९/०९/२२ गते दर्ता भएको कम्पनी हो । यो कम्पनी तनहुँ जिल्लाको बन्दीपुर गाउँपालिका-४, ठुलढुंगामा अवस्थित रहेको छ ।

तनहुँ जिल्लाको बन्दीपुर गाउँपालिकाको ठुलढुंगाबाट बन्दीपुर जोड्ने यो केवलकारको लम्बाई १.७ कि.मी. रहेको छ । यो परियोजना ७१.२३ प्रतिशत स्वपुँजी र २८.७७ प्रतिशत ऋणपुँजी गरी रु.३ अर्ब ५८ करोड लागतमा निर्माण भईरहको छ । यस परियोजना अन्तर्गत केवलकार सेवा र होटल क्वीन टावर लगायतका पर्यटकीय संरचनाहरु रहेका छन् । यस परियोजनाको बटम स्टेशनको कार्य १०० प्रतिशत र अपर स्टेशनमा होटल निर्माण कार्य ९५ प्रतिशत सम्पन्न भएको कम्पनीले जनाएको छ । एक घण्टामा ५०० जनालाई र वार्षिक ५ लाखलाई सेवा दिने गरी २५ वटा गोण्डोला मार्फत् सेवा दिने दक्षिण एसियामै युनिक दावी गरिएको यस केवलकारमा “केवलकारमै खाऔ केवलकारमै रमाऔँ” भन्दै केवलकारमै बेलुकी ५ बजेदेखि ९ बजेसम्म रेष्ट्रो सेवा दिने कम्पनीले जानकारी दिएको छ । केवलकार सेवा वि.सं. २०८१ साल असोज १ देखि पूर्णरुपमा संचालनमा आउने र केवलकारको अपरस्टेशनमा रहेको होटल क्वीन टावर २०८१ मंसिरभित्र सञ्चालनमा आउने जानकारी कम्पनीले दिएको छ । यस कम्पनीमा हाल ५७ जना कर्मचारीहरु कार्यरत रहेको र सो परियोजना पूर्ण रुपमा सञ्चालनमा आईसकेपछि थप १९३ जनालाई रोजगारी दिने अनुमान गरिएको छ ।

### ५.१.१ हवाई सेवा

आर्थिक वर्ष २०८०/८१ पुस मसान्तसम्म पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा २१ हवाई सेवा कम्पनीद्वारा ७००३ उडान भएको छ जुन अघिल्लो आ.ब.को सोही अवधीको तुलनामा १४.१ प्रतिशतले कम हो । त्यसैगरी, अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा सो विमानस्थलबाट उडान भर्ने यात्रुको संख्या भने १०.७ प्रतिशतले वृद्धि भएको छ । समग्रमा सिट उपयोग ७७.४८ प्रतिशत रहेको छ । समीक्षा अवधिमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलवाट २ वटा अन्तर्राष्ट्रिय उडान भएको छ जसमा ९८ जना यात्रुले उडान भरेका छन् ।

**तालिका ५.२: हवाई सेवा**

| विवरण | आ.व २०७९/८० (साउन-पुस) | आ.व २०८०/८१ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| कम्पनी संख्या | १९ | २१ | १०.५ |
| उडान संख्या | ८,१५३ | ७,००३ | -१४.१ |
| सिट क्षमता | २,८१,०८८ | ३,१४,०३३ | ११.७ |
| यात्रु संख्या | २,१९,६९० | २,४३,३०० | १०.७ |
| सिट उपयोग (प्रतिशत) | ७८.१६ | ७७.४८ | -०.९ |

*स्रोतः नेपाल नागरिक उड्ययन प्राधिकरण ।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा यस प्रदेशमा रहेका महानगर/नगरपालिकाहरूबाट स्वीकृत घर/जग्गा रजिष्ट्रेशन संख्यामा २६.३९ प्रतिशतले वृद्धि भई १५ हजार ५ सय ८५ रहेको छ भने नक्सा पास संख्यामा ३४.७२ प्रतिशतले कमी आई ६ सय ९२ रहेको छ । घर जग्गा रजिष्ट्रेशन वापतको राजस्व गत वर्षको तुलनामा ६.७ प्रतिशतले वृद्धि भई रु. ७८ करोड ७५ लाख सङ्कलन भएको छ ।

**तालिका ५.३ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन संख्या | १२,३३१ | १५,५८५ | २६.३९ |
| घर/भवन स्थायी नक्सा पास संख्या | १०६० | ६९२ | -३४.७२ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा) | ७३८.० | ७८७.५ | ६.७० |

*स्रोत : जिल्ला मालपोत कार्यालय तथा महानगरपालिका/नगरपालिका कार्यालय ।*

## ५.३ वित्तीय सेवा

### ५.३.१ बैंकिङ्ग सेवा

(क) आ.व. २०८०/८१ पुस मसान्तमा गण्डकी प्रदेशका ११ जिल्लाहरूमा 'क' 'ख' 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरूको शाखा गत वर्षको सोही अवधिको तुलनामा १.२७ प्रतिशतले कम भई १,३९८ रहेकोको छ । जसमध्ये वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्तको शाखा संख्या क्रमशः ५९५, १९०, ३७ र ५७६ रहेको छ । बैंक तथा वित्तीय संस्थाको शाखा सञ्जाल कास्की जिल्लामा धेरै र मनाङ जिल्लामा कम रहेको छ । यद्यपि, प्रति शाखा जनसंख्या सबैभन्दा बढी बाग्लुङ्ग जिल्लामा २३९६ र सबैभन्दा कम मनाङ जिल्लामा ३३३ रहेको छ ।

**तालिका ५.४: बैंक तथा वित्तीय संस्थाको जिल्लागत उपस्थिति**

| जिल्ला | २०७९ पुस मसान्त | | २०८० पुस मसान्त | | |
|---|---|---|---|---|---|
| | शाखा संख्या | प्रतिशत | शाखा संख्या | प्रतिशत | प्रति शाखा जनसंख्या |
| कास्की | ३७९ | २६.८ | ३७८ | २७.०४ | १५८७ |
| स्याङ्जा | १२८ | ९.० | १२६ | ९.०१ | २००८ |
| तनहुँ | १९६ | १३.८ | १९१ | १३.६६ | १६८१ |
| गोरखा | ११४ | ८.१ | ११४ | ८.१५ | २२०२ |
| लमजुङ | १०५ | ७.४ | १०४ | ७.४४ | १४९९ |
| मनाङ | १७ | १.२ | १७ | १.२२ | ३३३ |
| मुस्ताङ | २४ | १.७ | २३ | १.६५ | ६२८ |
| पर्वत | ८८ | ६.२ | ८३ | ५.९४ | १५७७ |
| बाग्लुङ | १०७ | ७.६ | १०४ | ७.४४ | २३९६ |
| म्याग्दी | ५३ | ३.७ | ५३ | ३.७९ | २०१९ |
| नवलपरासी (पूर्व) | २०५ | १४.५ | २०५ | १४.६६ | १८४४ |
| **जम्मा** | **१४१६** | **१००** | **१३९८** | **१००** | **१७६४** |

*स्रोत : नेपाल राष्ट्र बैंक ।*

(ख) २०७९ पुस मसान्तको तुलनामा २०८० पुस मसान्तमा गण्डकी प्रदेशमा निक्षेप परिचालन २३.९८ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ९८ अर्ब ७७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निक्षेप ७.२७ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा कुल कर्जा लगानीमा १३.१२ प्रतिशतले ह्रास आई रु. ३ खर्ब १२ अर्ब २५ करोड रहेको छ ।

जसमध्ये कृषि क्षेत्रमा रु. २८ अर्ब ३३ करोड, औद्योगिक क्षेत्रमा रु. २९ अर्ब २८ करोड, सेवा क्षेत्रमा रु.१ खर्ब १ अर्ब ४४ करोड र अन्य क्षेत्रमा (रियल स्टेट, शिक्षा, उपभोग लगायतका अन्य क्षेत्रमा) रु.१ खर्ब ५३ अर्ब १८ करोड कर्जा प्रवाह भएको छ।

**तालिका ५.५: गण्डकी प्रदेशको निक्षेप तथा कर्जाको विवरण**

| | २०७९ पुस मसान्त | २०८० पुस मसान्त | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| निक्षेप (रु. दश लाखमा) | ४,०२,३०१.७८ | ४,९८,७७८.७० | २३.९८ |
| कर्जा (रु. दश लाखमा) | ३,५९,४११.३६ | ३,१२,२५०.०३ | -१३.१२ |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*


२०८० पुस मसान्तसम्म गण्डकी प्रदेशमा निक्षेप रु.४ खर्ब ९८ अर्ब ७७ करोड परिचालन भएकोमा ५५.७ प्रतिशत कास्की जिल्लामा रहेको छ। गण्डकी प्रदेशमा कर्जा रु.३ खर्ब १२ अर्ब २५ करोड प्रवाह भएकोमा सबै भन्दा बढी कास्की जिल्लामा ५७.१ प्रतिशत प्रवाह भएको छ भने सबै भन्दा कम मनाङ जिल्लामा ०.१ प्रतिशत प्रवाह भएको छ।

**तालिका ५.६ जिल्लागत निक्षेप र कर्जा**

| जिल्ला | निक्षेप (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) | कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) |
|---|---|---|---|---|
| कास्की | २७७,६८६.४२ | ५५.७ | १७८,१७३.२५ | ५७.१ |
| स्याङ्जा | ३६,५४६.८० | ७.३ | १५,६०७.७० | ५.० |
| तनहुँ | ४०,३८४.७९ | ८.१ | ३४,२३४.०८ | ११.० |
| गोरखा | १८,७६१.८८ | ३.८ | १०,१३२.४९ | ३.२ |
| लमजुङ | १६,१२२.४३ | ३.२ | १०,९६६.१३ | ३.५ |
| मनाङ | १,३५२.६१ | ०.३ | ४०८.६३ | ०.१ |
| मुस्ताङ | ६,९३१.५२ | १.४ | ७६१.५९ | ०.२ |
| पर्वत | १८,८९३.२६ | ३.८ | ६,५३४.८० | २.१ |
| बाग्लुङ | ३२,०८२.१५ | ६.४ | १२,५६१.१३ | ४.० |
| म्याग्दी | १३,६५८.७७ | २.७ | ६,९७९.०३ | २.२ |
| नवलपरासी (पूर्व) | ३६,३५८.०७ | ७.३ | ३५,८९१.२० | ११.५ |
| **जम्मा** | **४९८,७७८.७०** | **१००.०** | **३१२,२५०.०३** | **१००.०** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

**चार्ट ५.१: गण्डकी प्रदेशको निक्षेप तथा कर्जाको विवरण (रु. अर्बमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

(ग) २०८० पुस मसान्तमा निक्षेप खाताको संख्या १४.९ प्रतिशतले वृद्धि भई ५९ लाख ४१ हजार ८२२ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप खाताको संख्या १२.२ प्रतिशतले वृद्धि भएको थियो ।

(घ) २०८० पुस मसान्तमा यस प्रदेशमा इन्टरनेट बैंकिङ्गको दर्ता संख्या २ लाख १८ हजार र मोबाइल बैंकिङ्ग दर्ता गर्नेको संख्या २६ लाख १३ हजार पुगेको छ । यसमध्ये इन्टरनेट सेवा र मोबाइल बैंकिङ्गको सक्रिय प्रयोगकर्ताको संख्या भने क्रमशः १ लाख ४५ हजार र १८ लाख २७ हजार रहेको छ ।

**तालिका ५.७ : वित्तीय उपकरण प्रयोगकर्ताको विवरण**

| | आ.व २०७९/८० (साउन-पुस) | आ.व २०८०/८१ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| निक्षेप खाताको संख्या | ५१,७२,५४२ | ५९,४१,८२२ | १४.९ |
| ऋण खाताको संख्या | २,४४,६३५ | १,९१,९४१ | -२१.५ |
| इन्टरनेट बैकिंग | १,९३,५७७ | २,१८,७३८ | १२.९९ |
| मोबाइल बैकिंग | २३,२५,३७१ | २६,१३,०६७ | १२.३७ |
| एटिएम संख्या | ५५२ | ५८८ | ६.५ |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

(ङ) आर्थिक वर्ष २०८०/८१ को समिक्षा अवधिमा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट यस प्रदेश अन्तर्गतका राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल बैंक लिमिटेडका शाखा कार्यालयहरूमा सञ्चालित ९ नोटकोषहरूमा रु. ७ अर्ब ३० करोड फण्ड ट्रान्सफर भएको छ । अघिल्लो वर्ष सोही अवधिमा रु. ७ अर्ब २५ करोड फण्ड ट्रान्सफर भएको थियो ।

(च) आर्थिक वर्ष २०८०/८१ को समिक्षा अवधिमा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट रु. ८६ करोड ९० लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु.२ अर्ब ५२ करोड २० बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको थियो । कार्यालयमा प्राप्त कुल परिवर्त्य विदेशी मुद्रा मध्ये अमेरिकी डलर २२.८९ प्रतिशत र युरो ४५.७६ प्रतिशत रहेको छ ।

(छ) समीक्षा अवधिमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयबाट भारतीय मुद्रा बिक्री ७१.५ प्रतिशतले कमी भई रु.१ करोड २५ लाख बराबरको बिक्री भएको छ भने रु.१ करोड ७२ लाख बराबरको भारतीय मुद्रा खरिद भएको छ ।

**तालिका ५.८ : परिवर्त्य विदेशी मुद्रा खरिद विवरण**

(रु. करोडमा)

| विवरण | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| अमेरिकी डलर | ५३.४२ | १९.९१ | -६२.७ |
| युरो | ५१.३९ | ३९.७९ | -२२.६ |
| अन्य मुद्रा | १४७.३५ | २७.२५ | -८१.५ |
| **जम्मा** | **२५२.२** | **८६.९** | **-६५.५** |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ५.३.२ अन्य वित्तीय सेवा

आर्थिक वर्ष २०७९/८० पुस मसान्तसम्ममा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय मार्फत् विदेशी मुद्रा सटही इजाजतपत्रप्राप्त संस्थाहरूको संख्या १२६ रहेकोमा आर्थिक वर्ष २०८०/८१ पुस मसान्तमा यस्ता

संस्थाहरूको संख्या ११३ रहेको छ । जसमध्ये, मनिचेन्जर ३६, होटल/रिसोर्ट ३२, ट्राभल एजेन्सी १४, ट्रेकिङ्ग एजेन्सी २५ र अन्यको संख्या ६ रहेको छ ।

**तालिका ५.९ : विदेशी मुद्रा सटही इजाजतपत्रप्राप्त संस्थाहरू**

| | आ.व. २०७९/८० (पुस मसान्तसम्म) | आ.व. २०८०/८१ (पुस मसान्तसम्म) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| मनिचेञ्जर | ३९ | ३६ | -७.७ |
| होटेल/रिसोर्ट | ३४ | ३२ | -५.९ |
| ट्राभल एजेन्सी | २२ | १४ | -३६.४ |
| ट्रेकिङ | २५ | २५ | ० |
| अन्य | ६ | ६ | ० |
| **जम्मा** | **१२६** | **११३** | **-१०.३** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ५.४ यातायात तथा संचार

आ.व २०८०/८१ को प्रथम अर्धवार्षिक अवधिमा गण्डकी प्रदेश अन्तर्गतका यातायात कार्यालयहरुमा दर्ता भएका यातायातका साधनहरुको संख्या ११,६२२ रहेको छ जसमध्ये मोटरसाइकलको संख्या १०,४९२ रहेको छ भने अन्य सवारी साधनको संख्या १,१३० रहेको छ । अघिल्लो वर्षको सोही अवधिको तुलनामा यातायातको साधनको संख्यामा ५२.९८ प्रतिशतले वृद्धि भएको छ, जसमध्ये मोटरसाइकलको संख्यामा १०७.८० प्रतिशतले वृद्धि भएतापनि अन्य यातायातको साधनमा भने ५५.६५ प्रतिशतले ह्रास आएको छ । स्कुटरको अत्याधिक प्रयोग भएकाले मोटरसाइकलको वृद्धिदर धेरै राम्रो देखिएतापनि आर्थिक मन्दी, आयातमा कमी, विदेश पलायन हुने जनसंख्यामा दिनप्रतिदिन वृद्धि हुदै जानु इत्यादि कारणले अन्य यातायातको साधनमा धेरै ह्रास देखिएको छ ।

**तालिका ५.१० : गण्डकी प्रदेशमा यातायात सेवा**

| विवरण | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| यातायातका साधनको कुल संख्या | ७५९७ | ११६२२ | ५२.९८ |
| मोटरसाईकल | ५०४९ | १०४९२ | १०७.८० |
| अन्य ....... | २५४८ | ११३० | -५५.६५ |

*स्रोत: विभिन्न जिल्लाका यातायात व्यवस्था कार्यालय ।*

## ५.५ सेवा क्षेत्र कर्जा

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट यस प्रदेशको सेवा क्षेत्रमा प्रवाहित कर्जा २०७९ पुस मसान्तको तुलनामा १०.२६ प्रतिशतले ह्रास आई रु. १ खर्व १ अर्ब ४४ करोड रहेको छ । अघिल्लो वर्ष यस्तो कर्जा १.४२ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशमा प्रवाहित कुल कर्जामा सेवा क्षेत्रमा प्रवाह गरिएको कर्जाको अंश ३२.४८ प्रतिशत रहेको छ । प्रदेशको कुल सेवा क्षेत्रमा प्रवाह गरिएको कर्जाको सबै भन्दा बढि हिस्सा कास्की जिल्लामा ६२ प्रतिशत र सबै भन्दा कम हिस्सा मनाङ जिल्लामा ०.१ प्रतिशत प्रवाह भएको देखिन्छ (तालिका ५.११)।

### तालिका ५.११: जिल्लागत सेवा क्षेत्र कर्जा

(रकम रु. दश लाखमा)

| जिल्ला | २०७९ पुस मसान्त | | २०८० पुस मसान्त | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | औद्योगिक कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) | औद्योगिक कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) | |
| कास्की | ६४,८७१.७३ | ५७.४ | ६२,९०१.८९ | ६२.० | -३.०४ |
| स्याङ्जा | ६,४२४.७७ | ५.७ | ४,६०७.९१ | ४.५ | -२८.२८ |
| तनहुँ | १२,७३७.६४ | ११.३ | १०,१४६.७० | १०.० | -२०.३४ |
| गोरखा | ४,३४४.९४ | ३.८ | ३,५८९.१९ | ३.५ | -१७.३९ |
| लमजुङ | ३,३७०.५९ | ३.० | २,३६६.२९ | २.३ | -२९.८० |
| मनाङ | ३०२.५१ | ०.३ | १४७.०७ | ०.१ | -५१.३८ |
| मुस्ताङ | ४७७.९० | ०.४ | २१७.४१ | ०.२ | -५४.५१ |
| पर्वत | २,५४९.८० | २.३ | १,९१४.३९ | १.९ | -२४.९२ |
| बाग्लुङ | ४,१०५.४० | ३.६ | ३,६८०.६७ | ३.६ | -१०.३५ |
| म्याग्दी | २,३५३.५० | २.१ | १,८३२.३६ | १.८ | -२२.१४ |
| नवलपरासी (पूर्व) | ११,५१३.४० | १०.२ | १०,०४५.५२ | ९.९ | -१२.७५ |
| **जम्मा** | **११३,०५२.१३** | **१००.००** | **१०१,४४९.४०** | **१००.००** | **-१०.२६** |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ५.६ सहुलियतपूर्ण कर्जा

सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (तेस्रो संशोधन सहित), बमोजिम २०८० पुस मसान्तसम्ममा गण्डकी प्रदेशमा कुल रु.५५ अर्ब २५ करोड यस्तो कर्जा प्रवाह भएको छ । यस्तो कर्जा २०७९ पुस मसान्तसम्ममा गण्डकी प्रदेशमा कुल रु.२७ अर्ब ४५ करोड प्रवाह भएको थियो । यस प्रदेशमा प्रवाहित कुल कर्जाको ४३.६ प्रतिशत कास्की जिल्लामा प्रवाह भएको छ भने सबै भन्दा कम मनाङ जिल्लामा ०.२ प्रतिशत प्रवाह भएको छ ।

### तालिका ५.१२ : सहुलियतपूर्ण कर्जा

(रकम रु दश लाखमा)

| जिल्ला | सहुलियतपूर्ण कर्जा | जिल्लागत हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| गोरखा | २,२६८.१८ | ४.१ |
| मनाङ | ११४.९५ | ०.२ |
| मुस्ताङ | ५७३.२९ | १.० |
| म्याग्दी | १,५१०.८४ | २.७ |
| कास्की | २४,०८६.९६ | ४३.६ |
| लमजुङ | २,५०९.२५ | ४.५ |
| तनहुँ | ७,०७३.१४ | १२.८ |
| नवलपरासी (पूर्व) | ९,२७५.०३ | १६.८ |
| स्याङ्जा | ३,६९०.०४ | ६.७ |
| पर्वत | १,६५३.३७ | ३.० |
| बाग्लुङ | २,४९८.१३ | ४.५ |
| **जम्मा** | ५५,२५३.१८ | १००.० |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ५.७ सहकारी

अध्ययनमा समावेश सहकारी संस्थाहरूको पूँजी २०७९ पुस मसान्तको तुलनामा २०८० पुस मसान्तमा १.८ प्रतिशतले वृद्धि भई रु.५ अर्ब ३० करोड १० लाख पुगेको छ । उक्त अवधिमा तोकिएका १० सहकारी संस्थाहरूबाट यस प्रदेशमा संकलन भएको निक्षेप ०.६ प्रतिशतले ह्रास आई रु.१६ अर्ब ६० करोड २९ लाख कायम रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत १.९ प्रतिशतले वृद्धि भएको थियो । उपरोक्त सहकारी संस्थाहरूबाट यस प्रदेशमा प्रवाहित कर्जा २०७९ पुस मसान्तको तुलनामा २०८० पुस मसान्तसम्ममा ५.७ प्रतिशतले कमी आई रु.१६ अर्ब ६६ करोड ५७ लाख पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा २.० प्रतिशतले वृद्धि भएको थियो । अध्ययनमा समावेश गरिएका सहकारीमा सदस्य ६.३ प्रतिशतले वृद्धि भई १ लाख ९१ हजार ३३४ पुगेको छ भने कर्मचारी सङ्ख्या ४ सय ५२ रहेको छ ।

**तालिका ५.१३ : सहकारी सेवा**

| विवरण | २०७९ पुस मसान्त | २०८० पुस मसान्त | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| कुल पूँजी (रु. दश लाखमा) | ५,२०६.९५ | ५,३०१.०६ | १.८१ |
| कुल बचत (रु. दश लाखमा) | १६,७०७.७९ | १६,६०२.९६ | -०.६३ |
| कुल ऋण (रु. दश लाखमा) | १७,६६७.८८ | १६,६६५.७४ | -५.६७ |
| सदस्य संख्या | १८०,०१२ | १९१,३६४ | ६.३१ |
| कर्मचारी संख्या | ४६३ | ४५२ | -२.३८ |

*स्रोतः अध्ययनमा समावेश गरिएका सहकारीहरू ।*

## ५.८ सेवा क्षेत्रका चुनौती तथा सम्भावना

### ५.८.१ चुनौतीहरू

- आर्थिक सुस्तता, घरजग्गाको मुल्यमा भएको अधिक वृद्धि तथा वास्तविक कारोवार मूल्य भन्दा कम मूल्याङ्कन देखाई घरजग्गा कारोबार हुनु जस्ता कारणले राजश्व संकलनमा कमी ।
- प्रादेशिक रुपमा पर्यटक आगमनको तथ्याङ्क तथा विवरण व्यवस्थित तवरले राख्न सकिएको छैन । आधिकारिक तथ्याङ्क प्रदायक निकायहरूबीच समन्वयको अभावका कारण पर्यटन सम्बन्धी तथ्याङ्कमा एकरुपता हुन नसक्नु ।
- गण्डकी प्रदेशमा पर्यटकहरुको सुरक्षा व्यवस्था, सुचना प्रविधि लगायत मौसम पूर्वानुमान जस्ता अत्यावश्यकीय सुविधाको अभावमा आकस्मिक मौसम प्रतिकुलता र वन्यजन्तुबाट आक्रमण लगायतका जोखिम न्यूनीकरण गर्न चुनौतीपूर्ण छ । साथै, पोखरा बाहेकका अन्य पर्यटकीय स्थानहरूमा पर्यटकस्तरीय होटल/लजहरू पर्याप्त नहुनु, यातायात सुविधा एवम् भौतिक पूर्वाधारहरू भरपर्दो नहुनु ।
- यस प्रदेशमा रहेका बचत तथा ऋण सहकारी संस्थाहरूको प्रभावकारी नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने निकाय एवम् संयन्त्रको अभावका कारण वित्तीय स्थायित्वमा परेको असरलाई न्यूनीकरण गर्नु ।
- पोखरा अर्न्तराष्टिय विमानस्थल पूर्ण क्षमतामा संचालन गर्नु ।
- पृथ्वी राजमार्ग अर्न्तगत पोखरा- मुग्लिङ खण्डको स्तरोन्नती भईरहेको हुनाले आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनका साथै ढुवानीमा असहजता भएकाले उक्त स्तरोन्नती कार्य समय सीमा भित्रै सम्पन्न गर्नु ।

### ५.८.२ सम्भावनाहरू

- नेपाल सरकारबाट यस प्रदेशको पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिसकेको सन्दर्भमा यस क्षेत्रमा पर्यटकीय पूर्वाधारहरुको विकास तथा Visit Nepal 2020 जस्ता पयर्टन प्रवर्द्धन कार्यक्रम पुनः आयोजना गर्न सकिएमा पर्यटन क्षेत्रमा उल्लेख्य सहयोग पुग्ने र व्यवसाय वृद्धि गर्न सकिने देखिन्छ ।

- यस प्रदेशमा रहेका धार्मिक तथा प्राकृतिक पर्यटकीय गन्तव्यहरूमा सुविधा सम्पन्न होटल तथा लजहरू निर्माण/सञ्चालन, पर्यटकीय सुविधाहरुमा वृद्धि तथा पदमार्गहरूको स्तरीकरण गर्न सके पर्यटकको बसाई अवधि लम्ब्याउन तथा पर्यटकले गर्ने खर्च बढाउन सकिने देखिएको छ ।

- पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्णरुपमा संचालनमा ल्याउन सकेमा यस प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्न सक्ने सम्भावना रहेको छ ।

- उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी कोरिडोरको काम द्रुत गतिले अघि बढेकाले निर्माण सम्पन्न भएपश्चात् सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम हुने भएकाले भारतीय र चिनिया पर्यटकहरूको आगमनमा उल्लेख्य वृद्धि हुने सम्भावना रहेका साथै नेपाली कृषि तथा औद्योगिक उत्पादनलाई समेत सहजै निर्यात गर्न सकिने देखिन्छ ।

- यस प्रदेशको सबै स्थानीय तहहरूमा वाणिज्य बैंकका शाखा स्थापना भइसकेको साथै बैक वित्तीय संस्थाहरुले वित्तीय साक्षरताको कार्यक्रमलाई प्रभावकारी बनाउदै लगेकाले सम्पूर्ण जनताहरुमा वित्तीय पहुँच थप विस्तार हुदै जाने देखिन्छ ।

# परिच्छेद ६

# पूर्वाधार र रोजगारी

यस परिच्छेदमा गण्डकी प्रदेश अन्तर्गत पर्ने राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति विवरण समावेश गरिएको छ । साथै, यस प्रदेशमा पूर्वाधार क्षेत्रमा भएका समस्या, चुनौती तथा सम्भावनाहरू तथा प्रदेशमा प्रधानमन्त्री रोजगारीको स्थिति पनि विश्लेषण गरिएको छ ।

## ६.१ पूर्वाधार क्षेत्र

### ६.१.१ राष्ट्रिय गौरवका आयोजनाहरू

**(क) कालीगण्डकी कोरिडोर :** कुल ४९५ कि.मी. लम्बाई भएको उत्तर-दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्गलाई मालढुङ्गा-राम्दी-गैडाकोट खण्ड २९३ कि.मी. र जोमसोम-कोरला खण्ड २०२ कि.मी. गरी दुई भागमा विभाजन गरी निर्माण कार्य अघि बढाइएको छ । यस कोरीडोरको समीक्षा अवधिसम्म बेनी जोमसोम खण्डको भौतिक प्रगति करिब ७६ प्रतिशत र वित्तीय प्रगति करिब ७२ प्रतिशत रहेको छ । त्यसैगरी मालढुङ्गा-गौंडाकोट खण्डमा करिब ६५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ भने वित्तीय प्रगति ६४ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८३/८४ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको उक्त आयोजनाको अनुमानित कुल लागत रु. २७.८ अर्ब रहेको छ । हाल यस आयोजनामा सडक कालोपत्रे, नाली निर्माण, पुल तथा बेलिब्रिज निर्माण गर्ने कार्य भइरहेको छ । यस आयोजनामा मुख्य समस्याहरुमा अत्याधिक पहिरो, कालीगण्डकीको कटान, मुआब्जा सम्बन्धी समस्याले घर टहरा हटाउन नसकिएको तथा वन, विद्युत, खानेपानी र सडक विभाग जस्ता कार्यालयसँगको आवश्यक समन्वयको अभाव रहेका छन् ।

**(ख) मध्य पहाडी लोकमार्ग :** यस आयोजना अन्तर्गत गण्डकी प्रदेशको गोरखा-लमजुङ खण्डमा पर्ने १०८ कि.मि. सडक निर्माणको ६५ प्रतिशत कार्य सम्पन्न भएको छ । हाल यस आयोजनामा Structural works, Gravel, Base, Blacktop Works and Bio Engineering Works इत्यादि कार्य भइरहेको छ । लोकमार्गको निर्माण कार्य आर्थिक वर्ष २०७९/८० मा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएतानि मुआब्जा वितरण विवादले जग्गा प्राप्तिको समस्या, रुख कटानी, निर्माण सामाग्रीको अभाव इत्यादिले गर्दा निर्माण सम्पन्न हुने समयावधि २०८१ असार मसान्तसम्म पुग्ने देखिएको छ । आयोजनाको यस खण्डको वित्तिय प्रगति ६० प्रतिशत रहेको छ भने हाल यस आयोजनामा ७०० जनाले रोजगारी प्राप्त गरेका छन् ।

लोकमार्गको कास्की-पर्वत-बाग्लुङ खण्डमा पर्ने २५० कि.मि.मध्ये ६५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । कास्की जिल्लाको रुढीखोला-भैंसे खण्ड (१६.५ कि.मी) मा नाली निर्माण, पर्खाल निर्माण, सब बेस, बेस निर्माण र कालोपत्रे लगायतको कार्य भैरहेको छ । भैंसे-याम्दीपुल खण्ड (३८ कि.मी) मा ठेक्का व्यवस्थापन भई न्यू कटिङ, ट्रयाक वाइडनिङ, रिटेनिङ स्ट्रक्चर लगायतका कार्यहरु भैरहेको छ । याम्दीपुल-घट्टेखोला-साँधखोला खण्ड (३७.५ कि.मी) को निर्माण कार्य सम्पन्न भैसकेको छ साथै याम्दी र पानीविहाड खोलामा पुलहरुको डिजाइनको प्रकृयामा रहेको पाइएको छ । लोकमार्गको पर्वत जिल्ला अर्न्तगतको साँधखोला-मालढुंगा खण्ड (२४ कि.मी) मा निर्माण कार्य सम्पन्न भैसकेको छ भने सोही जिल्ला अर्न्तगतको मोदीखोला, पातीखोला र सुन्दरखोलामा पुलहरुको डिजाइन कार्य भैरहेको छ । त्यस्तै बाग्लुङ जिल्ला अर्न्तगतको बाग्लुङ-घोडाबाँधे-बुर्तिवाङ-पातिहाल्ने सडक खण्ड (१३४ कि.मी) मा नाली निर्माण, रिटेनिङ स्टक्चर, सब बेस, बेस

इत्यादि कामहरु भैरहेको तथा काठेखोलामा पुलहरुको डिजाइन गर्ने प्रकृयामा रहेको पाइएको छ । उक्त आयोजनाको हालसम्मको वित्तिय प्रगति ६२ प्रतिशत रहेको छ भने हाल यस आयोजनामा कुल ९५० जनाले रोजगारी प्राप्त गरेका छन् ।

**(ग) बुढीगण्डकी जलविद्युत आयोजना** : गोरखा जिल्लामा १२०० मेगावाट क्षमताको जलाशययुक्त यस जलविद्युत आयोजनाको शुरु आर्थिक वर्ष २०६९/७० बाट भएको भएतापनि हालसम्म करिब १० प्रतिशतमात्र भौतिक प्रगति भएको छ भने करिव १६.५३ प्रतिशत वित्तिय प्रगति भएको पाइन्छ । हालसम्म भएको कार्यहरुका हकमा बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको केन्द्रिय तथा फिल्ड कार्यालयको समुद्घाटनको कार्य सम्पन्न भएको, विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त पेश गरिएको र कम्पनीको कार्यक्रम तथा वजेट र Gravel, O & M निर्माण गरी कम्पनीको बोर्ड बैठकबाट स्वीकृति गरिएको छ । यस आयोजनाको लागि आर्थिकवर्ष २०८०/८१ को लागि विनियोजित बजेट हालसम्म पनि प्राप्त नहुनु मुख्य समस्या रहेको छ । यस आयोजनामा २५ जना कर्मचारीहरुले रोजगारी प्राप्त गरेका छन् ।

**(घ) तनहुँ जलविद्युत आयोजना** : तनहुँ जिल्लामा नेपाल विद्युत प्राधिकरणले कुल ५० करोड ५० लाख अमेरिकी डलर लागतमा निर्माण गरेको १४० मेगावाट क्षमताको जलाशययुक्त तनहुँ जलविद्युत आयोजनाको आर्थिक वर्ष २०८० को पुस मसान्तसम्मको भौतिक प्रगति ५१.४४ प्रतिशत र वित्तिय प्रगति ४६.५२ प्रतिशत रहेको छ । हाल यस आयोजनामा दोस्रो डाइभर्सन सुरुङको ढलान गर्ने कार्य, मुख्य सुरुङ खन्ने कार्य, विद्युत गृहमा कंक्रिट कार्य तथा मेशिन जडान, पेनस्टक पाइप जडान कार्य, २२० केभिको प्रशारण लाइनसम्बन्धी कार्य इत्यादि भैरहेको छ । यस आयोजनाले रुख कटान कार्य र विष्फोटक पदार्थको आपुर्ति जस्ता समस्या भोगिरहेको छ । हाल यस आयोजनामा कुल २६७० जनाले रोजगारी प्राप्त गरेका छन् ।

**बक्स २: गण्डकी प्रदेशमा संचालनमा रहेका २० मेगावाट क्षमता माथिका जलविद्युत आयोजनाहरु**

| क्र.सं. | जलविद्युत आयोजना | क्षमता (मे.वा.) | जिल्ला | उत्पादन शुरु मिति |
|---|---|---|---|---|
| १. | मर्स्याङ्दी जलविद्युत आयोजना | ६९ | तनहुँ | २०४६/०७/२० |
| २. | कालीगण्डकी ए जलविद्युत आयोजना | १४४ | स्याङ्जा | २०५९/०४/३१ |
| ३. | मध्यमर्स्याङ्दी जलविद्युत आयोजना | ७० | लमजुङ | २०६५/०७/१६ |
| ४. | अपर मर्स्याङ्दी ए जलविद्युत आयोजना | ५० | लमजुङ | २०७३/०७/३० |
| ५. | अपरमादी जलविद्युत आयोजना | २५ | कास्की | २०७३/०९/२५ |
| ६. | मिस्त्रीखोला जलविद्युत आयोजना | ४२ | म्याग्दी | २०७८/०३/०३ |
| ७. | लोअर मोदीखोला जलविद्युत आयोजना | २० | पर्वत | २०७८/०६/१४ |
| ८. | न्यादीखोला जलविद्युत आयोजना | ३० | लमजुङ | २०७९/०१/२७ |
| ९. | दोर्दीखोला जलविद्युत आयोजना | २७ | लमजुङ | २०७९/०६/१४ |
| १०. | अपरदोर्दी ए जलविद्युत आयोजना | २५ | लमजुङ | २०७९/०८/१७ |
| ११. | सुपरमादी जलविद्युत आयोजना | ४४ | कास्की | २०७९/१२/२७ |
| १२. | सुपरदोर्दी क जलविद्युत आयोजना | ५४ | लमजुङ | २०८०/०२/०८ |

*स्रोत :विद्युत विकास विभाग*

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१ चुनौतीहरू

- सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरूमा विभिन्न सरोकारवाला निकायहरूबीच आपसी समन्वयको अभावमा निर्माण कार्य व्यवस्थित बनाउनु ।
- पूर्वाधार क्षेत्रका आयोजनाहरू निर्माणको क्रममा घर/जग्गा मुआब्जा सम्बन्धी विवाद शीघ्र समाधान गर्ने विधि र प्रक्रियाको अभावमा आयोजना समयमै सम्पन्न गर्नु ।
- प्राकृतिक प्रकोप (बाढी, पहिरो) तथा भौगोलिक विकटताका कारण पूर्वाधार निर्माण कार्य ढिलाई हुनुका साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्च उल्लेख्य रुपमा बढी हुनु ।

### ६.२.२ सम्भावनाहरू

- गण्डकी प्रदेश अन्तर्गत संचालन भएका र हुनसक्ने आयोजनाहरूको विस्तृत अध्ययन गर्न गण्डकी प्रदेश नीति तथा योजना आयोगलाई परियोजना बैंकको रुपमा स्थापना गरी पूर्वाधार निर्माण कार्यलाई व्यवस्थित तथा प्राथमिकीकरण गर्न सकिने देखिन्छ ।
- गण्डकी प्रदेशमा हाल १२०० मेगावाटको बुढीगण्डकी जलविद्युत आयोजना सहित ४१८८ मेगावाटका आयोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् भने अन्य थुप्रै आयोजनाहरू निर्माण गर्न सकिने सम्भावना देखिएको छ ।
- गण्डकी प्रदेशबाट तिब्बततर्फको नाका जोड्ने वैकल्पिक मार्गको रुपमा गोरखा बजारदेखि लार्के भञ्ज्याङ हुँदै तिब्बत जोड्ने सडकमार्ग निर्माण गर्न सकिने देखिन्छ ।
- मुस्ताङ जिल्लामा सौर्य तथा वायु उर्जाको प्रचुर सम्भावना भएकाले सोको विस्तृत अध्ययन गरी सौर्य तथा वायु उर्जा उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।
- पृथ्वी राजमार्गको मुग्लिङ्ग-पोखरा खण्डलाई ४ लेनमा स्तरोन्नति गर्न एशियाली विकास बैंकसँग ऋण सम्झौता भई निर्माण कार्य प्रारम्भ भइसकेको सन्दर्भमा उक्त कार्य सम्पन्न भएपछि यस क्षेत्रको समग्र विकासमा थप सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।

## ६.३ रोजगारी

गण्डकी प्रदेश सरकारले सार्वजनिक गरेको "गण्डकी प्रदेश स्थिति पत्र, २०७५" अनुसार गण्डकी प्रदेशमा बेरोजगारी दर २.३ प्रतिशत र अर्धबेरोजगारी दर (१५-५९ वर्षको जनसंख्या) ३०.१ प्रतिशत रहेको छ । त्यसैगरी, युवा अर्धबेरोजगारी दर (१५-२४ वर्षको जनसंख्या) ४१.९ प्रतिशत रहेको छ ।

गण्डकी प्रदेशबाट प्रकाशित आर्थिक सर्वेक्षण २०७९/८० अनुसार २०७९ साल फाल्गुनसम्ममा यस प्रदेशमा ८३० वटा उद्योगहरु दर्ता भएका छन् भने ४० हजार ९३ जनाले रोजगारी पाउने अनुमान गरिएको छ । साथै, उर्जा क्षेत्रमा प्रदेश आयोजना मार्फत १ लाख ५१ हजार ९६० कार्यदिन बरावरको रोजगारी सिर्जना भएको छ ।

यस प्रदेशमा रहेका कुल ८५ स्थानीय तहमध्ये ७१ स्थानीय तहहरूले आर्थिक वर्ष २०८०/८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरेका छन् । सो अन्तर्गत सञ्चालित १ हजार १ सय २

आयोजना मार्फत् कुल १ हजार १७ व्यक्तिले औसतमा ६४ दिन रोजगारी पाएका छन् । यस कार्यक्रम अन्तर्गत गण्डकी प्रदेशमा कुल ६५ हजार ५० दिन रोजगारी पाएका छन् ।

**तालिका ६.१ : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारको विवरण**

| विवरण | आ.व.२०७८/७९ | आ.व.२०७९/८० | २०८०/८१ (पुष मसान्तसम्म) |
|---|---|---|---|
| कार्यक्रम सञ्चालन गरेका स्थानीय तह | ८० | ८२ | ७१ |
| आयोजना संख्या | १७१४ | १५७६ | ११०२ |
| रोजगारीमा संलग्न व्यक्तिको विवरण | ११११९३ | ७४२४ | १०१७ |
| रोजगार औसत दिन | ७३ | ७६ | ६४ |
| जम्मा रोजगार दिन | ८१५६५१ | ५६५५७५ | ६५०५० |

*स्रोत: श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम ।*

## ६.४ रोजगारीका चुनौती र सम्भावना

### ६.४.१ चुनौतीहरू

- समान प्रकृतिको कामको लागि स्वदेशको तुलनामा विदेशमा बढी पारिश्रमिक प्राप्त हुने भएकाले युवा वर्गलाई स्वदेशी श्रम बजारमा आकर्षित गर्नु।
- न्यून ज्यालादर, न्यून सेवा सुविधा र लैङ्गिकताका आधारमा ज्यालादरमा असमानता कायम हुनु, ग्रामीण भेगमा सक्रिय जनशक्तिको अभाव रहनु तथा रोजगारसँग सम्बन्धित सुचनाको पहुँचमा कमी रहनु जस्ता कारणले श्रम बजारलाई व्यवस्थित तुल्याउन चुनौतीपूर्ण रहनु ।
- स्थानीयस्तरमा श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्नु तथा कृषि, पशुपालन जस्ता पेशा/व्यवसायमा बजारीकरणको अभाव हुनु ।
- वैदेशिक रोजगारमा जाने नेपालीहरुका लागि बजारको आवश्यकता अनुसारको सीप तथा दक्षताको विकास गर्नु ।

### ६.४.२ सम्भावनाहरू

- नेपाल सरकारले पर्यटकीय राजधानी घोषणा गरिसकेको सन्दर्भमा यस प्रदेशमा पर्यटकीय पुर्वाधारहरुको विकास र विस्तार गर्न सके पर्यटन क्षेत्रमा रोजगारी सिर्जना गर्न सकिने देखिन्छ ।
- कृषि तथा पशुपालन क्षेत्रमा आधुनिकीकरण गर्ने, उचित अनुदानको व्यवस्था गर्ने, विमा दावीलाई प्रभावकारी वनाउने, उचित बजारको व्यवस्था सुनिश्चित गर्न प्रदेश तथा स्थानीय सरकारले पहल गर्न सके वैदेशिक रोजगारबाट फर्किएका तथा हाल भैरहेका युवा जनशक्तिलाई उत्पादनशील क्षेत्रमा लगाउन सकिने सम्भावना रहेको छ ।
- जलविद्युत उत्पादनको प्रचुर संभावना भएकाले यस प्रदेशमा जलविद्युत क्षेत्रमा रोजगारीको संभावना रहको छ ।
- प्रदेश सरकारले उचित सीप र तालिमको विकास गर्न सके दक्ष कामदारको रुपमा जनशक्तिलाई वैदेशिक रोजगारमा पठाउन सकिने देखिन्छ ।
- विकास निर्माणका कार्यहरुमा तदारुकताका साथ पुँजीगत खर्च गर्न सकेमा पुर्वाधारको क्षेत्रमा पनि रोजगार सिर्जना गर्न सकिने देखिन्छ ।

**बक्स ६ (क): गण्डकी प्रदेशका प्रमुख गौरव तथा रुपान्तरणकारी आयोजनाहरू**

| क्र.सं. | आयोजनाको नाम | भौतिक प्रगति (प्रतिशतमा) | वित्तिय प्रगति (प्रतिशतमा) |
|---|---|---|---|
| १ | एकीकृत प्रदेश प्रशासनिक केन्द्रको निर्माण आयोजना । | डिपिआर तयार हुन नसकेको । | - |
| २ | प्रदेश औद्योगिक क्षेत्र (२ वटा) । | डिपिआर तयार | - |
| ३ | विद्युत विस्तार कार्यक्रम । | ८३.९ | ७४.११ |
| ४ | सूचना प्रविधि पार्क निर्माण आयोजना । | ५ | ३ |
| ५ | स्थानीय तहका केन्द्र जोड्ने कार्यक्रम । | ४३.४५ | ३८.४५ |
| ६ | फेवाताल संरक्षण र सौन्दर्यकरण आयोजना । | १०० | ९५.०७ |
| ७ | जग्गा चक्लाबन्दी सहयोग कार्यक्रम । | ७९.३ | ६२.२६ |
| ८ | एक निर्वाचन क्षेत्र एक सडक आयोजना (३५ वटा) | ६८ | ६६.७७ |
| ९ | एक घर एक धारा खानेपानी आयोजना | ५८ | ५१.१४ |
| १० | स्याउ विशेष आयोजना (मुस्ताङ जिल्ला) | १४७७ रोपनीमा बगैचा विस्तार प्रक्रिया अगाडि बढाइएको । | - |

*स्रोत: आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश ।*

**बक्स ६ (ख): गण्डकी प्रदेशमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरू**

| क्र.सं. | आयोजनाको नाम | भौतिक प्रगति (प्रतिशतमा) | वित्तिय प्रगति (प्रतिशतमा) |
|---|---|---|---|
| १ | कालिगण्डकी कोरिडोर बेनी - जोमसोम | ७६ | ७२ |
| २ | कालिगण्डकी कोरिडोर मालढुंङ्गा - गैडाकोट | ६५ | ६४ |
| ४ | बुढिगण्डकी जलविद्युत आयोजना | १० | १६.५३ |
| ५ | मध्यपहाडी (पुष्पलाल) लोकमार्ग कास्की - बाग्लुङ्ग | ६५ | ६२ |
| ६ | मध्यपहाडी (पुष्पलाल) लोकमार्ग गोरखा खण्ड | ६५ | ६० |
| ७ | तनहुँ हाईड्रोपावर लिमिटेड | ५१.४४ | ४६.५२ |

*स्रोत: सम्बन्धित आयोजना कार्यालय, गण्डकी प्रदेश ।*

# परिच्छेद ७

# संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजना

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रमको संक्षिप्त विश्लेषण गरिएको छ । यस अन्तर्गत प्रदेश सरकारको बजेटको आकार, खर्चको वर्गीकरण, वित्तीय हस्तान्तरण र स्रोत परिचालनको स्थितिको विश्लेषण गरिएको छ ।

## ७.१ गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम

### ७.१.१ आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारको बजेट कार्यान्वयन स्थिति

आर्थिक वर्ष २०८०/८१ का लागि गण्डकी प्रदेश सरकारले कुल रु.३३ अर्ब ४२ करोड बजेट विनियोजन गरेकोमा गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालयका अनुसार २०८० पुस मसान्तसम्म विनियोजनको १६.६५ प्रतिशत अर्थात रु.५ अर्ब ५६ करोड खर्च भएको छ । अघिल्लो आर्थिक वर्षमा २०७९/८० को सोही अवधिमा विनियोजित बजेटको १६.६३ प्रतिशत खर्च भएको थियो ।


**तालिका ७.१: गण्डकी प्रदेश सरकारको खर्चको स्थिति**

*(रकम रु. करोड)*

| शीर्षक | विनियोजित रकम | | पुस मसान्तसम्मको यथार्थ स्थिति | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
| **बजेट** | **३५९०.९** | **३३४२.७२** | **५९६.९९** | **५५६.५०** | **१६.६३** | **१६.६५** |
| चालु खर्च | १३२६.८८ | १२७३.६७ | २९०.९२ | २७३.६४ | २१.९३ | २१.४८ |
| पुँजीगत खर्च | २२१४.०२ | २०१९.०५ | ३०६.०६ | २८२.८६ | १३.८२ | १४.०१ |
| वित्तीय व्यवस्था | ५० | ५० | ० | ० | ०.०० | ० |

*स्रोत : आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश ।*

**चार्ट : ७.१ गण्डकी प्रदेश सरकारको बजेट विनियोजनको स्थिति (रु. करोडमा)**




*स्रोत : आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश*

आर्थिक वर्ष २०८०/८१ मा चालु खर्चतर्फ विनियोजन भएको रु.१२ अर्ब ७३ करोडमध्ये २१.४८ प्रतिशत (रु.२ अर्ब ७३ करोड) खर्च भएको छ । अघिल्लो आर्थिक वर्ष चालु खर्च शिर्षकमा विनियोजित रकमको २१.९३ प्रतिशत खर्च भएको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ विनियोजित रु.२० अर्ब १९ करोड मध्ये २०८० पुस मसान्तसम्म १४.०१ प्रतिशत (रु.२ अर्ब ८२ करोड) खर्च भएको छ । अघिल्लो आर्थिक वर्ष पुंजीगत खर्च शिर्षकमा विनियोजनको १३.८२ प्रतिशत खर्च भएको थियो ।

### तालिका ७.२: गण्डकी प्रदेश सरकारको स्रोत परिचालनको स्थिति

*(रकम रु. करोड)*

| शीर्षक | विनियोजित रकम | | पुस मसान्तसम्मको यथार्थ स्थिति | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
| राजस्व | ५०९.१६ | ५१६.९२ | १२९.६० | १५८.३० | २५.४५ | ३०.६२ |
| संघीय सरकारबाट प्राप्त अनुदान | १६५४.३२ | १४१०.४० | ७५२.७७ | ३५४.७० | ४५.५० | २५ |
| समानीकरण अनुदान | ७९२.७९ | ७६२.२५ | ४०८.२० | १९०.५६ | ५१.४९ | २५ |
| सशर्त अनुदान | ६९१.८३ | ४९४.१५ | २६९.५७ | १२२.१४ | ३८.९७ | २४.७२ |
| विशेष अनुदान | ८६.०० | ७० | ४३.०० | ० | ५०.०० | ० |
| समपूरक अनुदान | ८३.७० | ८४ | ३२.०० | ४२ | ३८.२३ | ५० |
| नेपाल सरकारबाट प्राप्त राजस्व | ९२३.९२ | ९०५.३२ | २९२.४४ | ३४५.१२ | ३१.६५ | ३८ |
| रोयल्टी | ३२.५० | ४०.०८ | ० | ० | ० | ० |
| आन्तरिक ऋण | २००.०० | १७० | ० | ० | ० | ० |
| नगद मौज्दात | २७१.०० | ३०० | ३३४.६० | २३३.५३ | १२३.४७ | ७७.८४ |

*स्रोत : आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश ।*

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ को प्रथम अर्धवार्षिक अवधिमा रु.१ अर्ब ५८ करोड राजश्व संकलन गरको छ । आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१४ अर्ब १० करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०८० पुस मसान्तसम्म २५ प्रतिशत अर्थात कुल रु.३ अर्ब १२ करोड अनुदान प्राप्त गरेको छ । त्यसैगरी, नेपाल सरकारबाट ९ अर्व ५ करोड राजस्व बाडफाँट प्राप्त गर्ने लक्ष्य राखेकोमा समिक्षा अवधीमा ३ अर्व ४५ करोड प्राप्त गरेको छ ।

## ७.२ स्थानीय तहको बजेट तथा कार्यक्रम

गण्डकी प्रदेशमा ५८ गाउँपालिका, २६ नगरपालिका र १ महानगरपालिका गरी जम्मा ८५ स्थानीय तहहरू रहेका छन । आ.व. २०८०/८१ को प्रथम अर्धवार्षिक अवधिमा गण्डकी प्रदेशका पाँच ठूला स्थानीय तहहरू (पोखरा महानगरपालिका, व्यास नगरपालिका, गोरखा नगरपालिका, पुतलीबजार नगरपालिका, बेशीसहर नगरपालिकाले चालु, पुंजीगत, वित्तीय व्यवस्था तथा अन्य खर्च गरी कुल रु.११ अर्व ३९ करोड बजेट विनियोजन गरेकोमा २८.२६ प्रतिशत मात्र खर्च गरेका छन् । जसमध्ये चालु खर्च विनियोजनको ३६.५७ प्रतिशत, पूँजीगत खर्च १८.९५ प्रतिशत रहेको छ ।

## ७.३ व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम

गण्डकी प्रदेश सरकारले प्रदेशको महत्वपूर्ण कार्यक्रमको रुपमा “व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम” सञ्चालनमा ल्याएको छ । कोभिड-१९ बाट प्रभावित पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रका उद्यम तथा व्यवसायको जीवन रक्षा गर्न निर्व्याजी कर्जा उपलब्ध गराउने उद्देश्यले व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ जारी गरी उक्त कार्यक्रम ल्याइएको हो । नेपाल राष्ट्र बैंक, पोखरा

कार्यालय मार्फत् सञ्चालनमा ल्याइएको उक्त कर्जा कार्यक्रममा १६ वाणिज्य बैंक र ४ विकास बैंकहरू संलग्न रहेका छन् ।

कोभिडका कारण समस्यामा परेका उद्यम/व्यवसाय जोगाउन, टिकाउन निर्व्याजी कर्जा उपलब्ध गराउने उद्देश्यले नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयसँग सम्झौता भएका बैंक तथा वित्तीय संस्थाहरूले पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रका व्यवसायलाई रु.५० हजार देखि रु.१५ लाखसम्म कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त कर्जामा बैंकहरूले अघिल्लो त्रयमासमा प्रकाशित आधार दरमा अधिकतम ३ प्रतिशतमात्र थप गरी व्याजदर कायम गर्नुपर्ने प्रावधान रहेको छ । साथै, गण्डकी प्रदेश सरकारले त्रैमासिक रुपमा नेपाल राष्ट्र बैंक मार्फत् कर्जाको व्याज शोधभर्ना उपलब्ध गराउने र ऋणीहरूले कर्जाको साँवामात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।

### तालिका ७.३ : व्यवसाय जीवन रक्षा कर्जाको स्थिति

(रकम रु दश लाख)

| क्र.सं. | कर्जाको शिर्षक | जम्मा लगानी | जम्मा बक्यौता | प्रतिशत (बक्यौता रकमका आधारमा) |
|---|---|---|---|---|
| १ | लघु, घरेलु तथा साना उद्यम व्यवसाय कर्जा | ६४८.६८ | १७४.३३ | ३६.८० |
| २ | साना पर्यटन व्यवसाय कर्जा | ८१७.६३ | २०४.२० | ४३.१० |
| ३ | साना यातायात व्यवसाय कर्जा | ९५.०३ | २३.७९ | ५.०२ |
| ४ | साना सेवा व्यवसाय कर्जा | २५१.६३ | ७१.४२ | १५.०८ |
| **जम्मा** | | **१८१२.९७** | **४७३.७४** | **१००** |

*स्रोतः नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय ।*

उक्त कार्यविधि अन्तर्गत रु.१ अर्ब ८१ करोड २९ लाख कर्जा प्रवाह भएकोमा २०८० पुस मसान्तमा रु.४७ करोड ३७ लाख कर्जा बक्यौता रहेको छ ।

# परिच्छेद ८

# आर्थिक परिदृश्य

यस परिच्छेदमा गण्डकी प्रदेशमा कृषि, उद्योग तथा सेवा क्षेत्रबाट तथ्याङ्क प्रदायक व्यक्ति तथा संस्थाहरूसँग गरिएको प्रश्नावली, सर्वेक्षण, छलफल तथा अन्तरक्रियाका आधारमा कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रको आगामी महिनाहरुको परिदृश्य प्रस्तुत गरिएको छ ।

## ८.१ कृषि उत्पादन

चालु आर्थिक वर्षमा मौसम अनुकुल हुने र कृषकहरूले मल बिउ समयमा प्राप्त गर्ने अनुमानको आधारमा खाद्यान्य कृषि, फलफुल तथा तरकारी उत्पादन थप सकारात्मक हुने देखिएको छ ।

- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरूले बजेट मार्फत् पशुपालन गर्ने कृषकहरूलाई अनुदान बढाएको, गोठ सुधार कार्यक्रम, नश्ल सुधार कार्यक्रमहरू जस्ता विविध कार्यक्रम सञ्चालनको प्रभाव सकारात्मक हुने अनुमान गरिएतापनि गाईवस्तुमा देखापरेको लम्की स्किन रोगको कारणले दुध उत्पादन १०-१५ प्रतिशतसम्म घट्ने प्रक्षेपण गरिएको छ ।

- अफ्रिकन स्वाइन फ्लुको प्रभावले बंगुरको मासु उत्पादनमा ह्रास आएतापनि पशुपालन क्षेत्रको विकासका लागि पकेट क्षेत्र बनाई पशुपालन गरिएको, व्यवसायिक कुखुरा तथा हाँस पालनमा वृद्धि भएकाले समग्र मासुको उत्पादनमा १०-१५ प्रतिशतसम्म वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

- गण्डकी प्रदेशमा समग्र कृषि उत्पादन सकारात्मक हुने देखिएको छ । यस वर्ष धान, कोदो र आलुको उत्पादनमा वृद्धि हुने प्रक्षेपण रहेको छ । साथै, बाँदर आतंकको कारणले मकै खेतीमा १५ प्रतिशतसम्म घट्ने र फलफुल तथा तरकारी उत्पादनमा कृषकको आकर्षण देखिएकाले गहुँको उत्पादनमा १० प्रतिशत घट्ने प्रक्षेपण गरिएको छ ।

- बढ्दो बेमौसमी तरकारी खेती, प्लाष्टिक घरको विस्तार, मल, सिंचाई तथा उन्नत जातका बिउको सहज उपलब्धता साथै गैरसरकारी संस्थाहरूद्वारा समेत कृषकहरूलाई तालिम, सचेतना र प्रोत्साहन गर्दै आएको कारण तरकारीको उत्पादन बढ्न प्रक्षेपण छ ।

- फलफूल खेतीतर्फ बगैंचा सुदृढीकरण र क्षेत्रफल विस्तार भएको, पकेट क्षेत्र घोषणा गरी फलफुल उत्पादन गरिएको साथै मनाङ र मुस्ताङ्ग जिल्लामा स्याउका लागि अनुकूल मौसम रहेका कृषि कर्जामा व्याज अनुदान आदिका कारण फलफूल उत्पादनमा उल्लेख्य विस्तार (१२-१५ प्रतिशतसम्म) हुने प्रक्षेपण गरिएको छ ।

- जिल्ला वन कार्यालयहरूबाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ को बाँकी महिनाहरुमा आयोजना निर्माणका लागि रुखहरुको कटान, निजी नम्बरी आवादीबाट रुखहरु कटान भई स्थानान्तरण इजाजत दिइएको कारणले काठ तथा दाउराको उत्पादनमा उल्लेख्य वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

## ८.२ औद्योगिक उत्पादन

समीक्षा अवधिमा गण्डकी प्रदेशका उद्योगहरूको क्षमता उपयोग गत वर्षको सोही अवधिको तुलनामा घटेको भए तापनि आर्थिक वर्ष २०८०/८१ को बाँकी समयावधिको उत्पादनको परिदृश्य सकारात्मक देखिएको छ ।

- यस प्रदेशमा सडक, पुल निर्माण तथा बैक व्याजदरमा आएको ह्रासले व्यक्तिगत घर निर्माण समेतमा उल्लेख्य वृद्धि हुने अनुमान रहेकाले सिमेन्टको उत्पादन करिब २० देखि ३० प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेको छ ।

- यस प्रदेशमा औषधीको माग बढ्दै गएकोले आगामी अवधिमा औषधीको उत्पादन ५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेको छ ।
- गण्डकी प्रदेशमा उत्पादन हुने चाउचाउ र बिस्कुटको उत्पादन करिब ५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
- पेय समूह अन्तर्गत यस क्षेत्रमा रहेको पेय पदार्थको मागमा कमी आउने देखिएकाले पेय पदार्थको उत्पादनमा २० प्रतिशतले ह्रास हुने प्रक्षेपण गरिएको छ ।

## ८.३ सेवा क्षेत्र

चालु आर्थिक वर्ष गण्डकी प्रदेशमा सेवा क्षेत्रको विस्तार सन्तोषजनक हुने प्रक्षेपण रहेको छ ।

- कोभिड-१९ संक्रमण सामान्य भैसकेकोले होटल र अन्य पर्यटन क्षेत्रमा कोभिड पुर्वको अवस्था देखिएको, आन्तरिक र बाह्य पर्यटक बढ्दै गएको, पोखरा अर्न्तराष्ट्रिय विमानस्थल सञ्चालनमा आएको तथा गण्डकी प्रदेश सरकारले पोखरालाई पर्यटकीय राजधानी घोषणा गरेकाले समेत आगामी दिनमा पर्यटकको आगमनमा उत्साहप्रद वृद्धि हुने देखिएको छ ।
- पर्यटन व्यवसाय फस्टाउन थालेकाले विदेशी पर्यटकबाट विदेशी मुद्रा प्राप्ति बढ्ने देखिएको छ ।
- बैकिङ क्षेत्रमा देखिएको उच्च तरलतासँगै ब्याजदरमा आएको कमीले यस प्रदेशमा कर्जाको माग बढ्ने तथा विप्रेषणमा उल्लेख्य वृद्धि भएकाले निक्षेपमा पनि वृद्धि हुने देखिएको छ । तथापि अर्थतन्त्रमा देखिएको शिथिलताको कारणले व्यापार व्यवसाय, निर्माण इत्यादि क्रियाकलापहरुमा कमी भई बैक वित्तिय संस्थाहरुको बढेको खराब कर्जाको व्यवस्थापन कार्यमा जटिलता हुने प्रक्षेपण गरिएको छ । साथै, सहकारीहरुमा संस्थागत सुशासनको कमी तथा प्रभावकारी नियमनको अभावले गर्दा वचतकर्ताहरुको वचत फिर्ता हुन गाह्रो देखिएको छ ।

## ८.४ पूर्वाधार क्षेत्र

वर्षायाम शुरु हुन लागेको तथा पूर्वाधार निर्माणको सन्दर्भमा बजेट समयमा प्राप्त नहुनु, मुआब्जा वितरणमा समस्या, निर्माण सामाग्रीको अभाव, रुख कटानी, पहिरो, नदी कटान, दक्ष कामदारको अभाव जस्ता समस्याहरु रहेकाले पूर्वाधार आयोजना सम्पन्न हुने समय र लागत बढ्ने अनुमान छ ।